
धर्मसंघ विहार

# धर्म चक्षु

## THE DHARMA CHAKSHU

*A Buddhist Monthly*

Pokhara, Nepal



वर्ष - ५, अङ्क - ६, पूर्णाङ्क - १४ सीपुन्ही फालगुण, २०५८

Wondershare PDFelement

WHAT AFTER
# 10th?






Illustrated Course



Professional Environment



Revolutionised Computer Lab



Career Counseling

What more?

- Fee back Offer
- Free Internet Access
- IT Seminar

It's all about

**CAREER@SLC**

**ESCOL**

Computer Education

ESCOL Abode, Annapurna SuperMarket
Mahendrapool, Pokhara. 28481, 30830-243

Wondershare PDFelement

कसैबाट अघि सुन्नु भएको थिएन । न त कतै पढ्नु भए
गर्नुभयो । यदि यो दुःखको कारण हो भने त्यसबाट कसरी
आप यो ज्ञान प्राप्त भयो कि यही जन्ममा, तृष्णा र आशाल
हुनसक्ने छैन । यही नै मुक्ति हो । यही परम शान्ति हो ।
यसरी गहिरिएर सोच्दा वहाँले आर्य अष्टांगिकमार्ग भन्ने ज्ञान
मनभित्रको आशा र तृष्णालाई जरो उखेलि निर्मूल पार्नुभयो ।
साक्षात्कार गर्नुभयो । अनि वहाँलाई थाहा भयो कि अब उप्रान्त
पनि नहुने भयो । जन्म र मरणको भवचक्रबाट सधैंका लागि पा

यही ज्ञानलाई बुद्धिवादी मानवहरुले मानव धर्म भन्दछन्
भवचक्रबाट मुक्त भई परमशान्ति पाउन सक्ने थिएनन् ।

आज हामी बौद्ध अबौद्ध सबै जन्म मरणको चक्कामा पिल्सि
भएका छौं । दुःखको मूल कारण आशा र तृष्णा नै रहेछ भन्ने कुराला
आडम्बर तथा अन्धविश्वास अपनाई यज्ञ होम सहित देवीदेवताको सा
आशा र तृष्णा घटाउने बाटोमा नलागी झन् बरु आशा र तृष्णा बढाउ

नेपालमा बौद्धहरु न केवल काठमाण्डौं उपत्यका भित्र मात्र छन
गरी उत्तरी पहाडि खण्डका सारा तामांग, शेर्पा, गुरुङ्ग, लाप्चे, भोटे, मनांगे
काठमाण्डौं उपत्यका भित्रका सारा शाक्य, वज्राचार्य, तुलाधर, मानन्धर,
तर बाटोघाटोको कठिनाईको कारणले गर्दा हामी बौद्धहरु पहिले कहिल्यै आपसमा भेटघाट गर्न सके
हुनाले हामीले आपसमा एक अर्कालाई चिन्न पनि सकेनौं । बुद्धधर्म सम्बन्धी सही मार्ग देखाउने गुरुजनहरु
हुनाको कारणले गर्दा र हामीले आफ्नो ऐतिहासिक वंशको कुरा नजान्नाको कारणले गर्दा कसैले आफूलाई शैव ठान
भने कसैले आफूलाई वैष्णव माने । आफ्नो वंशजको सही धर्म के हो भन्ने कुरा चाहिं कसैले खोज गर्ने वास्ता पनि
गरेनन् । अतः यो बीसौं शदिको वैज्ञानिक युगमा हामी सबै बौद्धहरु दाजुभाई दिदीबहिनीहरु एकजुट भई हामीले आफ्नो
धर्म पहिचान्नु पर्‍यो, खोज गर्नु पर्‍यो र सुधार गर्नु पर्‍यो ।

विश्वको एशियामा मात्र होइन पश्चिम यूरोप लगायत अमेरिकामा समेत दिनपर दिन बुद्धधर्मको प्रचार बढ्दै गइरहेको बेलामा स्वयं भगवान् गौतम बुद्ध जन्मिनु भएको हाम्रो आफ्नै पवित्र भूमि नेपालका बौद्धहरु सुतिरहेनु भएन चाँडै बिउँझिनु पर्‍यो ।

यदि इतिहासको पाना पल्टाउने हो भने बुद्ध धर्मले धर्मको कारणमा कहिल्यै रक्तपात गरेको छैन । न त बुद्धधर्म
प्रचारको निमित्त शस्त्र र शक्तिको कहिले प्रयोग नै भएको छ । आफ्नो मैत्रीको प्रभावद्वारा नै विश्वका एशिया मह
मात्र नभई यूरोप, अमेरिका, अफ्रीका आदि देशहरुमा पनि बुद्धधर्म प्रचार भएको हो - यही नै बुद्धधर्मको महा

---

प्रस्तुत लेख भिक्षु अमृतानन्द महास्थविरले डेढ दशक भन्दा पहिले नै लेख्नु भएको हो

# सुभद्रको आदर्श

➢ समयक सम्बोधि प्राणपुत्र

ु सुभद्रसंग भेट भयो । काठमाण्डौं बाहिर घुम्न जाने
ु भयो । एकातिर गाउँघर अर्कोतिर बुद्धशिक्षा प्रचार
नै छैन र भए पनि रुचि नै छैन । किसानी काम गर्ने
र गफसफ गरेर आ-आफ्नो खेतमा जाने गर्थे । त्यही
राउन लगाउनुहुन्थ्यो ।
भिक्षु सुभद्रबाट । यो क्रम केही दिनसम्म चल्यो
र विशेष गरी ब्राह्मणहरुलाई बुद्धशिक्षा बुझाउनु
समय समयमा आउँदा पनि मलाई उहाँका
कट्टरपन्थी हिन्दूहरुलाई मन नै नपर्ने रहेछ ।
छलफलको क्रममा अनेक विरोधि कुरा गर्ने
दूहरुले पशुबलि चढाउँदा पाप नहुने बौद्धहरुले
गहरुमा चाहिं उहाँ ब्राह्मण भएर पनि बौद्ध
णले भनी पनि हाल्यो - परधर्मो भयावह ।
कठीन पनि छ । विशेषगरी भिखारी भएर
मनहरुलाई तह लगाउनु नै हो । त्यसैले
भिक्षु जान्थे लाज मान्दै । पोखरामा
लगियो र

WHAT AFTER
10th?


Illustrated
Course


Professional
Environment


Revolutionis
Computer L


Career

## गर्न वोधिसत्वले पूरा गर्नुपर्ने दश ारमिताहरु

पारमिताको खूब चर्चा हुने गर्दछ । त्यसमध्ये पहिलो यो दान लक्ष्य परित्याग हो । आफूले त्याग गरेको वस्तुवाट आफ्नो ा उद्देश्य हो । त्याग गर्न सिकाउनु यसको अभिप्राय हो ।

ारण अर्थ सदाचार हो । सदाचार विना कोही पनि धार्मिक हुन ा शरीरको मूल्य हुँदैन, त्यसैगरी शीलविना गुणधर्मको महत्व हुँदैन । रमिता वोधि चर्याको क्रममा तेश्रो हो । दानपारमिताले नैष्कम्य ाई दिन्छ भने दोश्रो शील पारमिताले बल प्रदान गर्दछ ।

र्थ राम्रो ज्ञान हो । वस्तुलाई राम्ररी जान्नु, प्रकृतिको नियम पहिचान्नु राम्ररी बुझ्नु नै प्रज्ञा हो । धर्मको स्वभाव राम्ररी बुझेर लिनु यसको पछि अन्धकार नाश हुन्छ त्यसैगरी प्रज्ञा ज्ञान भएमा दुःख, जन्ममरणको ट हुन्छ र उ धर्मको लाइनमा जान्छ ।

साधारण अर्थ बल, उत्साह, उमङ्ग, उद्योग र साहस हो । तर बुद्ध धर्ममा करुणापूर्वक यो लोक र परलोकको पनि कल्याण होस् भनेर अनेक उपाय मन वचन र कर्मले काम गर्नु नै वीर्य पारमिता हो ।

ान्ति भनेको सहनशील हो । मन परेपनि नपरेपनि सहनु नै क्षान्तिको रसकृत्य उठेपनि प्रकट हुन नदिइकन शान्त भैरहनु यसको लक्ष्य हो । बुद्ध धर्ममा यसको विशेष महत्व छ ।

७) सत्य पारमिता :- सत्यकोअर्थ सबैलाई थाहा छ । जस्तो छ त्यस्तै भन्नु सत्य वोल्नु हो । शील र गुण धर्मको दृष्टिले यसको अर्थ अरु व्यापक छ । सत्य गुण धर्मको आधार भूमि हो । सत्य छैन भने त्यो धर्मको महत्व पनि हुँदैन र त्यो मान्छेलाई कसैले विश्वास पनि गर्दैन ।

८) अधिष्ठान पारमिता :- अधिष्ठान भनेको आफूले शुरु गरेको काममा कत्तिपनि विचलित नभै लागिपर्नु हो, कटिवद्धता हो । बुद्ध धर्ममा यसको विशेष महत्व छ । सम्वोधि को लागि वोधिसत्वले सवै पारमिता पूरागर्न जुन निरन्तर र अखण्डित प्रयास गर्दछन् । त्यो अधिष्ठान पारमिता हो ।

९) मैत्री पारमिता :- मैत्रीको अर्थ मित्रता र मित्रभाव हो । सकल प्राणीप्रति करुणा राखी व्यवहार गर्नु मैत्री राख्नु हो । तर बुद्धधर्ममा त्यो मैत्रीबाट राग उत्पन हुनुहुन्न । रागयुक्त मैत्रीलाई क्लेश धर्म भनिन्छ । क्लेश विनाको, राग विनाको मैत्रीको ठूलो प्रभाव रहने कुरा सद्धर्ममा उल्लेख गरिएको छ ।

१०) उपेक्षा पारमिता :- उपेक्षाको साधारण अर्थ उदासिनता, अनादर आदि हुन्छ । तर वौद्ध दृष्टिकोणमा स्नेही प्रति आसक्त नहुने र वैरीप्रति पनि विरोधी नहुने अवस्थालाई उपेक्षाभाव भन्दछन् । आफ्नो शत्रुप्रति पनि असन्तुष्ट नभै तटस्थ रहनु अप्रभावित भै रहनु उपेक्षा पारमिता हो ।

# मेरो जीवनमा भिक्षु सुनन्दको आदर्श

➤ उपासक सम्बोधि शाक्य

प्रव्रजित भएको केही महिना मात्र बितेको थियो भिक्षु सुनन्दसंग भेट भयो । काठमाण्डौं बाहिर घुम्न जाने इच्छालाई प्रेरित गर्दै उहाँले आफ्नो गाउँ धापाखेलमा पुऱ्याउनु भयो । एकातिर गाउँमा अर्कोतिर बुद्धशिक्षा प्रचार नभएको स्थलमा पनि धम्मदेशना गर्दा, त्यसैले बुद्धशिक्षा सुन्ने फुर्सद नै छैन र मन पनि लाग्दैन । जिन्दगी कसरी गर्ने भन्ने कति गाउँलेहरू एउटा विपश्यनामा बस्न हुन्छ र शिविर लिएर बसाउन पनि आफ्नो घरमा ल्याउनुभयो । त्यही मौका पारेर उहाँले मलाई विपश्यनामा बसाल्नुभयो र धर्मदेशना गराउन लगाउनुभयो ।

यसरी नै मैले सार्वजनिक रूपमा धर्मदेशना गर्ने तालीम पाएँ भिक्षु सुनन्दबाट । यो क्रम केही दिनसम्म चल्यो र पछि भोजपुर आइयो । उहाँको विचारमा उहाँका गुरुमा हिन्दु साथीहरू विशेष गरी ब्राह्मणहरूलाई बुद्धशिक्षा बुझाउनु पर्छ अन्यथा उनीहरू गलत धारणामा पर्नेछन् । त्यसैले भोजपुरमा बस्दा सम्पर्क आदेश पनि मलाई उहाँका साथीहरूकहाँ बुद्धशिक्षा सुनाउन लगाउनुभयो । तर बुद्ध शिक्षा भनेपछि कहुन्थ्यो हिन्दुहरूलाई मन नै पर्दैन रहेछ । उहाँलाई इज्जत गर्दा रोक्छन् तर बुद्धशिक्षा सुन्न भने त्यति मन लगाउँदैनन् । [illegible] अनेक विरोधि कुरा गर्ने विशेषगरी बौद्धहरूले मासु खाएको भनेर । एक ठाउँमा त भन्नु नै पऱ्यो - हिन्दुहरूले पशुबलि चढाउँदा पाप लाग्दैन बौद्धहरूले मासु खाँदा मात्र किन दोष दिनु तपाईंहरूलाई लाज लाग्दैन ? [illegible] ब्राह्मणहरूमा [illegible] ब्राह्मण भएर पनि बौद्ध दर्शनमा पनि भिक्षु भएकोमा धेरै रिस गर्दछ र एकजना उहाँकै साथी ब्राह्मणले भनी पनि हाल्यो - [illegible] ।

भिक्षुहरूको जीवनमा भिक्षा माग्न जानु अति महत्वपूर्ण छ त्यति नै कठिन पनि छ । विशेषगरी भिक्षाटन गएर माग्दै हिंड्नु अहंकारी मनले मान्दै मान्दैन । तर भिक्षु हुनु पनि त्यसै विकृत मनहरूलाई ठीक बनाउनु नै हो । त्यसैले आफ्नो मानसिक कमजोरी हटाउन म उहाँको नेतृत्वमा पछि पछि लाग्दै भिक्षा माग्दै, [illegible] । भोजपुरमा भिक्षाटनमा जाने त [illegible] तर [illegible] भिक्षा माग्ने । त्यसैले उहाँलाई [illegible] र उहाँसँगै एक डेढ महिनासम्म भिक्षाटन गरियो । यस्तो मेरो लाज मान्ने आदत छोडियो । यसको परिणामस्वरूप एक्लै पनि भिक्षाटन जाने आँट आयो । यसै आँटले गर्दा गाउँघरमा चारिका गर्न सकियो र कहीं भोकै बस्नुपर्ने डर भएन । आजैले पनि गाउँतिर चारिका जाँदा भिक्षा माग्न जाने गर्छु । किनकि यसले उपासक उपासिकाहरूलाई पुण्य गर्ने मौकाबाट [illegible] एक स्वतन्त्र जीवन बिताउन सघाउ पुऱ्याएको छ, जुन भिक्षु जीवनको एउटा अमोलो तर मौलिक जीवन पद्धति हो ।

यो र यस्तै महत्वपूर्ण गुणहरू उहाँले मेरो जीवनमा लगाउनु भएको छ । उहाँको आदर्शको छाप मेरो मस्तिष्कमा परेको छ । यसबाट के भन्न सकिन्छ भने उहाँ बुद्धशिक्षा प्रचारमा अति नै उत्साहि भिक्षु हुनुहुन्छ भने [illegible] पनि [illegible] हुनुहुन्छ । विशेषगरी अज्ञानी तथा मिथ्या धारणामा परी दुःखमा परेकाहरू गरिब तथा बुद्धशिक्षा [illegible] मानिसको भलाइ चाहने उहाँ एक असल, दयालु तथा गुणी भिक्षु हुनु हुन्छ ।

होन्तु सब्बे [illegible] लोक होन्तु सुखि सदा

❑❑❑

# जिमु. जयलाल देखि भिक्षु सुभद्र सम्म

➢ तेजनाथ घिमिरे

भिक्षु सुभद्र ९८ बर्षमा प्रवेश गरेको जीर्ण शरीर, श्रवण शक्ति कमजोर भएका कान, आकारमात्र छुट्याउन सक्ने धमिलो दृष्टि भएका आँखा लिएर मृत्युसँग सघर्ष गर्दै हुनुहुन्छ । हामी मानवले जति शक्ति प्रयोग गरे पनि "सत्यमेव जयते" सत्यको जीत हुन्छ भनिन्छ, मृत्यु सत्य हो त्यसैले आखिरमा उसकै जीत हुन्छ । यो संसारमा जीवन मुक्त र मृत्युञ्जयी मानव आत्मा पनि छन् । जसको देह भए पनि विदेह छन् र शरीर मरेर गए पनि यशस्वी छन् । अमर छन् । मृत्युञ्जयी छन् । भिक्षु सुभद्र देहधारी भए पनि जीवनमुक्त अर्थात विदेह हुनुहुन्छ । मृत्युले उहाँलाई छुनै सक्तैन ।

**यशस्वीहरूमा हुन्न बुढ्याई मृत्युको डर**
**लोककल्याण गर्ने नै चम्कन्छन् उत्तरोत्तर ।**

भिक्षु सुभद्रलाई मैले २००१ सालमा राम्ररी चिनेको हुँ । तत्काल उहाँ जिमु. जयलाल उपाध्याय लम्साल भनेर प्रख्यात हुनुहुन्थ्यो । मेरा मावली बाजे जयलाल तत्काल निर्माणाधीन जनरल धनशमशेरको दरवारका लागि छानो छाउने ढुङ्गा ढुवानी गराउने सन्दर्भमा घाचोक पोखरा गर्नुहुन्थ्यो कि ! बढी आउने जाने गरेको मैले पनि सम्झेको छु त्यसो त उहाँ जिमु. भएको हुँदा वीरजङ्गध्वज तहसीलका सुब्बा रहेका वेलामा बढी यताउता गर्नु हुन्थ्यो भने बडाहाकिम जनरल धनशमशेर र वीरजङ्गध्वजको निकटताले पनि उहाँलाई निकट सम्पर्कमा ल्याएर नानाथरिका कार्यबोझ बोक्नु परेको पनि हुन सक्छ । जेहोस् तिनताका नै उहाँ निकै चल्तापुर्ता हुनुहुन्थ्यो । त्यसपछि चीसा खोलामा ब्रह्मचर्याश्रम स्थापना गरी प्रेमचैतन्य ब्रह्मचारी त्यहाँ बसेपछि उहाँ त्यतैतिर बढी लाग्नु भएको थियो । आश्रमको निमित्त वटुहरु, अन्न, फलफूल, घिउ, तरकारी आदि जुटाएर सहयोग गर्नेमा उहाँ अग्रणी हुनुहुन्थ्यो ।

प्रेमचैतन्यकै सम्पर्कबाट उहाँ कट्टर काँग्रेस भएको मात्र हैन आफ्ना छोराका नाउँ विश्वेश्वर र मातृका राखेर पोखराको उत्तरवर्ती पहाडी क्षेत्रमा काँग्रेसी भावना फैलाउने र हरेक क्रान्तिकारी क्रियाकलापमा ग्रामीण क्षेत्रको सहभागिता बढाएर नवजागरण ल्याउन अग्रसर पनि हुनुभएको हो । गाउँमा विद्यालय स्थापना गर्ने, सञ्चालन गर्ने, अन्धविश्वासका जरा उखेल्ने ग्रामीण स्वास्थ्य, वनपैदावार, कृषि उत्पादन वृद्धि, यातायातको व्यवस्था, फजुल खर्च रोकेर उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहन दिने, घरेलु इलमको प्रचार प्रसार गर्ने, घरेलु उत्पादनका वस्तु उपभोग गर्ने गराउने जस्ता थुप्रै रचनात्मक समाज सुधारका र गरीवी निवारणका आधारभूत काम गरेर ग्रामीण समाजका आँखा उघारिदिनु भएको छ । उहाँले तास जुवा, धूम्रपान मद्यपान आदि कुलतलाई निर्मूल पार्न प्रशस्त योगदान दिनु भएको छ । गाउँमा शिक्षक, जे.टी.ए., वनपाले, घरेलुका प्रशिक्षक, स्वास्थ्य सहायक ग्राम कार्यकर्ताको सेवा अविछिन्न उपलब्ध गराउन हरसम्भव प्रयास गर्नुभएको छ । सेती र मर्दीमा पक्की झोलुङ्गे पुल बनाउने प्रयासमा पहिले लागि पर्ने उहाँनै हुनुहुन्छ । घाचोकको विशाल आवादी अर्थात् काउमाड, खरिबोट, भीरकटेरा, लाहाचोक, रिभान, मिर्सासमको पोखरासँगको सम्पर्क सेतु तत्काल जिमु. जयलाल नै हुनुहुन्थ्यो । घाचोकको जनजीवनलाई अन्धकारबाट

उज्यालोमा ल्याउने उहाँको अपूर्व योगदान अविस्मरणीय छ। त्यस क्षेत्रमा ग्रामीण चेतनाको मुहानको मूल धारो उहाँ नै हुनुहुन्छ।

पञ्चायती व्यवस्थामा प्रवेश गर्न चाहेको भए सदाकाल प्रधानपञ्च हुने र माथि पुग्ने पृष्ठभूमि तयार थियो तर उहाँ त्यता लाग्नु भएन। विकास निर्माण र समाजसुधारका काम चटक्क छोडेर बस्नु भएको पनि थिएन। सम्पत्ति जोड्ने इच्छा गरेको भए पनि सेती र मर्दीका तीरका सार्वजनिक तराहरु उहाँका हुन्थे। पञ्चायतमै प्रवेश गरेर जनताका सन्धीसर्पन, गौचर, चिहान डाँडा, पानीघाट र हाटमेला लाग्ने ठाउँ सरकारी जङ्गल, सार्वजनिक गुठी समेत दर्ता गरेर धेरैले धन नकमाएका पनि हैनन् तर उहाँ जन्मजात सन्त हुनुहुन्थ्यो। त्यसैले त्यस्तो कुबाटो तिर हेर्दै हेनु भएन। उहाँको चर्याबाट जननायक विश्वेश्वर प्रसाद कोइराला पनि निकै प्रभावित हुनु भएको रहेछ र "काँग्रेसको आदर्श पुरुष त्यो भाङ्ग्रा लगाउने जस्तो हुन्छ" भनेर निर्देशन दिंदै उहाँलाई औंल्याउने गर्नु हुन्थ्यो। पछि आउँदा पनि पोखरामा वी.पी.ले उहाँबारे सोधनी गर्नु भएको थियो।

पोखराका समाजसेवी कट्टर काँग्रेस ऋषिकेशव पराजुली, सुन्दरप्रसाद मर्सानी, अमृतप्रसाद शेरचन, राम बहादुर बडागामी, प्रेमराज मुल्मी, अनागारिका धर्मशिला दयाशङ्कर प्रदीपशङ्कर, तालपारिका मीनबहादुर गुरुङ, बाटुलेचौर का प. मुक्तिनाथ शर्मा, तनहुँका श्रीभद्र खनाल, गोबर्धन पोखरेल, लमजुङका श्रीकान्त अधिकारी, श्रीप्रसाद डिङ्गा जस्ता धेरै क्रियाशील व्यक्तिहरुसँग उहाँको घनिष्टता थियो। धर्म र धर्मकार्य सम्बन्धमा उत्कट जिज्ञासा राख्ने र समाज सेवा एवं सुधारका कार्यमा एकोहोरिएर लागि पर्ने व्यक्तित्वको रुपमा म उहाँलाई लिन्छु। मणिका जोगी र डि.पानबहादुर भन्दा बेस्लै चिन्छु। धर्मशिलाबाट उहाँ प्रभावित हुनुहुन्थ्यो। गृहस्थी छँदाछँदै घरवार त्यागेर समाज सेवामा तनमन लगाउने उहाँको जन्मजात सन्तप्रवृत्ति, मीनबहादुर गुरुङ र तिलकमान गुभाजूहरुको आग्रह राजनीतिमा आएको विचलनले उहाँलाई बौद्धदीक्षा लिन प्रेरित गरे। उहाँ बौद्ध भिक्षु बन्नु भयो। जिमु. जयलालबाट भिक्षु सुभद्रमा रुपान्तरित हुनु भयो। मसंग एउटा प्रसङ्गमा सुभद्रले भन्नु भएको थियो मैले खोजेको मूल बाटो बल्ल भेट्टाएँ। यो बाटो देखाइ दिएकोमा उनीहरु प्रति म अनुगृहीत छु।"

हिन्दू धर्मको नाउँमा गरीव नेपाली जनतामाथि लादिएका कर्मकाण्ड पद्धतिले देश र समाजको भलो भएको छैन भन्ने उहाँको भनाइ छ। प्रत्येक सस्कारको खर्चिलो स्वरुप र त्यसको अन्धानुकरण गर्ने परम्पराले "परोपकार पुण्याय" धर्म कमाउन अरुको उपकार गर्नुपर्छ भन्ने मूल आशयलाई बङग्याएर पण्डितहरुले "अरु सबै मर मेरो धनसार भर" भन्दै आएका छन्। धर्मको नाउँमा शोषण गर्ने अधिकार कुनैले पाउनु हुँदैन" भन्ने उहाँको भनाइ छ।

स्वयं कष्ट सहन सक्ने, अरुलाई कष्ट दिन नसक्ने भिक्षु सुभद्र देखेर सबै प्रभावित छन्, प्रसन्न छन्। लोक कल्याणका लागि जीवन अर्पण गर्ने यस्ता सन्तको सेवा सत्कारमा समय दिने सौभाग्य सबैले पाएका हुँदैनन्। जसले यो संयोग पाएका छन्, ती धन्य ! छन्।

विश्वरत्न शाक्य अर्थात विश्व शाक्यले भिक्षु सुभद्रको जीवनी सम्बन्धमा विस्तृत प्रकाश पारिसक्नु भएको छ। भविष्यमा भिक्षु सुभद्रका सत्कार्यको अध्ययन, अनुसन्धान र विश्लेषण गर्ने उत्सुकता बोकेका सहृदयीहरुले यो गौरेटोलाई राजमार्ग जस्तै फराकिलो जनमार्ग बनाउने नै छन् भन्ने आशा एवं विश्वास लिएर कलम बिसाउँछु।

भवतु सब्ब मङ्गलम्।

फागुन संक्रान्ति
२०५८

स्त

# विचार

– शैलेन्द्र साकार

बुद्धले एकपल्ट भनेका थिए
'मानिसले दुःख र पीडामा बगाएको आँशु
एकै ठाउँ जम्मा गर्ने हो भने
सात समुन्द्र भन्दा ठूलो हुनेछ'
बुद्ध होइन बुद्धका विचार
बुद्ध स्वयं भन्दा महान् लाग्छ
बुद्ध त राहुलका पिता पनि हुन्
यशोधराको पति र छोरालाई अंश दिन असमर्थ
कायर पिता, भगुवा पिता र सन्यासी छोरा।
तर बुद्ध असख्य राहुलहरुका पिता,
तर बुद्ध एउटा विचार, एउटा  सम्यक् दर्शन
बुद्धभन्दा महान् छन् बुद्ध।
मान्छे भन्दा महान् उसका विचारहरु
एउटा कलाकारभन्दा महान् हुन्छ उसका चित्रहरु
एउटा कविभन्दा महान् हुन्छ उसका कृतिहरु एउटा
राजनेताभन्दा महान् हुन्छ उसका सपनाहरु
एउटा मूर्तिकारभन्दा महान् हुन्छ उसका कुंडन मुर्तीहरु
पृथ्वीभन्दा महान् हुन्छ उसका सिर्जनाहरु
सपनाहरु, पीडाहरु, परिश्रम र
साधनाहरु
बुद्ध भन्दा महान् हुन्छ बुद्धका
प्राप्तिहरु, धर्म देशना,
करुणा, मुक्ति र निर्वाणहरु।

****

# गुरु पद्मसम्भव

➤ अनु. धर्मरत्न शाक्य

शाक्यमुनि सिद्धार्थ गौतम बुद्धको महा परिनिर्वाण पछि बौद्ध धर्मले निकै आरोह अवरोहहरु झेल्नु पऱ्यो । यस्तो संकटमय समयको आठौं शताब्दीमा सुप्रसिद्ध सिद्ध एवं बौद्ध विद्वान पद्मसम्भवको उदय भयो । वहाँको जीवनीहरुमा उल्लेख भए अनुसार, संसारका प्राणी मात्रको उद्धार गर्नको लागि वहाँ स्वयं बुद्धको दौश्रो रुपमा यस धरतीमा अवतरण गर्नु भएको थियो । वहाँ कमलको फूलबाट उत्पन्न भएको हुनाले, कालन्तरमा वहाँलाई पद्मसम्भवको नामबाट पुकारिन थालियो ।

पद्मसम्भवको व्यक्तित्वको वर्णन गरिंदा वहाँमा अवलोकितेश्वरको चित्त, अमिताभ बुद्धको वाक र सिद्धार्थ गौतम बुद्धको कायको सम्पूर्णता रहेको प्रष्ट पारिएको छ । तिब्बती जन समुदायले पद्मसम्भवलाई शाक्य मुनि बुद्धको साक्षात अवतारको रुपमा स्विकार गरी अति सम्मानित गुरुको रुपमा आदर सत्कार गर्दै आएका छन् ।

पद्मसम्भव हाल पाकिस्तानको उत्तर र अफगानिस्तानको दक्षिणमा रहेको उड्यान नामक स्थानको नामुद सिद्ध थिए । वहाँले तिब्बत प्रस्थान गर्नु अघि नेपालको फर्पिङ्ग र तिस्टुँडको रिखेश्वर गुफाहरुमा ध्यान समाधि गर्नु भएको थियो । वहाँले काठमाण्डौंको बौद्धनाथ क्षेत्रमा बस्नु भई तिब्बेतीहरुको रहन सहन र भाषा संस्कृतिको विषयमा ज्ञान हासिल गर्नु भएको थियो । यसरी नै वहाँले काठमाडौंकै नामुद कर्विर मसानमा पनि अलौकिक दिव्य शक्तिको प्राप्तिका लागि ध्यान पूजा गर्नु भएको थियो । गुरु पद्मसम्भवले काठमाडौं उपत्यकामा पनि तान्त्रिक ज्ञान तथा शक्ति हासिल गरे पश्चात तिब्बेततिर प्रस्थान गर्नु भएको थियो । तिब्बत प्रस्थान गर्नु अघि वहाँले तिस्तुडको रिखेश्वर गुफा र फर्पिङ्गको वज्रयोगिनी स्थलको चट्टानमा आफ्नो पंजा छाप छोडेर जानु भएको अद्यावधि देखिन सकिन्छ ।

गुरु पद्मसम्भवले तिब्बत पदार्पण गर्नु हुँदा, त्यहाँको समाजमा "बोन" धर्मको नाममा विकृति एवं अन्धविश्वासले गहिरो जरो गाडेको थियो । बोन धर्मको विश्वास अनुसार रुख, झारपात, पहाड पर्वत, नदी, नाला, पोखरी आदिमा भूत प्रेत, दैत्य, पिशाच, डाकिनी आदि अदृश्य शक्तिहरुले प्रवेश गरेका हुन्छन् । अतः ती अदृश्य शक्तिहरुलाई खुशी तुल्याई राख्न, बोन धर्मका अनुयायीहरु विभिन्न बिधि अनुसार कर्मकाण्डहरु गर्ने गर्थे । यी कर्मकाण्डमा विभिन्न पशु पन्छीको साथ-साथै नरबलिको पनि प्रचलन रहेको थियो ।

गुरु पद्मसम्भवले तत्कालिन तिब्बती समाजका जंगली एवं हिंसक वर्गलाई अन्धविश्वासबाट मुक्त गरी शास्ता बुद्धको धर्ममा दीक्षित गर्नु भएको थियो । अतः तिब्बेतीहरु गुरु पद्मसम्भवलाई साक्षात करुणावतार धर्मदूत अर्थात लोकेश्वरको रुपमा आदर सत्कार गर्ने गरेका छन् । तिब्बतमा बौद्ध धर्मको प्रचार प्रसार गर्न गुरु पद्मसम्भवलाई तत्कालिन "साम्य गुम्बाको" अनन्त सहयोग प्राप्त भएको थियो ।

## गुरु पद्मसम्भवबारे विद्वानहरुको दृष्टिकोण

सुश्री येशे छोग्यालले उल्लेख गर्नु भएको छ - "परिनिर्वाणमा प्रवेश गर्न लाग्नु हुँदा भगवान बुद्धले आफ्नो अनुयायीहरुलाई भन्नु भयो, "यो सांसारिक जीवन क्षणिक छ । विछोड अपरिहार्य छ । तर आफुबाट आठ वर्षपछि उडियानको उत्तर पश्चिम भूमिको निश्चल सरोवरको बीचबाट एक त्यस्तो महान व्यक्ति उत्पन्न हुनेछन् जो म भन्दा बुद्धिमान र शक्तिशाली हुनेछन् । कमल फूलको मध्यबाट जन्मने हुनाले उनी पद्मसम्भव नामले चिनिने छ र समस्त

प्राणीहरु माथि प्रकाश पार्नु हुनेछ ।

निज सुश्री येशे छोग्यालको जीवनी अनुदित गर्ने श्री केथ दो मायन्द्वारा उल्लेखित विवरण अनुसार एक पटक एक तिब्बती राजाले "बोन धर्म" अनुरुप एउटा कर्मकाण्ड समारोहको आयोजना गर्न आदेश दिनु भयो । उक्त समारोह सञ्चालन गर्न रत्न जडित भव्य मञ्च बनाउन लगाएर समारोहमा बलि चढाउन एक एक हजार याक, भेंडा, च्याङ्ग्रा तथा बोकाहरु जम्मा गर्न लगाए । त्यस्तै नौ प्रकारका अन्नहरु, रक्सी लुगाफाटा र अन्य आवश्यक सामानहरु जुटाउन लगाए । राजाबाट बोन धर्म अनुसार हिंसादी कर्मकाण्डरुपि समारोहको सभाचार सुनेर तत्कालिन बौद्धहरु हडबड़ाए र यसरी एउटा विज्ञप्ति निकाले - "एउटा धार्मिक सम्प्रदायमा दुईजना गुरु रहन सक्तैनन्, आगो र पानी एकसाथ रहन सक्तैन । त्यस्तै बुद्ध धर्म अनुरुप तिब्बतमा स्थापित सत्य - अहिंसावादी सिद्धान्तसंग हिंसादी कर्मकाण्ड एक साथ कदापि चल्न सक्तैन ।"

बुद्धधर्म र बोन धर्मका अनुयायीहरु बीच एक पल्ट भव्य समारोहको आयोजना गरी धार्मिक सिद्धान्तबारे संवाद भएको थियो । उक्त संवादमा साम्-यासद्वारा बोन धर्मका गुरु पराजित भएको थियो । त्यसपछि विस्तारै तिव्वत र छिमेकी सीमानासंग जोडिएको मगोल र नेपालबाट बोन धर्म विलीन हुँदै गयो । तिनीहरुले कहिले काहिं कुविद्या अर्थात बोन नागको पाजु नामक स्थानीय पूजन विधिमा पशुवलि चढाउने गर्दथे । परन्तु थ्याबेहरुको विचारमा त्यस प्रकारको बलि पूजालाई अंगाले पनि 'कुविद्याबाट सुविद्या' अर्थात कालो बोनबाट सेतो बोनमा परिवर्तन हुँदै गएको विश्वास गर्दछन् ।

**पद्मसम्भवको उदभव**

पद्मसम्भव पाकिस्तान र अफगानिस्थान बीचको उड्डियाना भन्ने स्थानबाट आउनु भएको विश्वास गरिन्छ । वहाँ त्यस राज्यका राजा इन्द्रभूति भन्ने राजाको धर्मपुत्र हुनुहुन्थ्यो । वहाँ त्यसवेलाका आठजना सिद्धहरुमध्ये सर्व सिद्ध व्यक्तित्व हुनुहुन्थ्यो ।

आठौं शताव्दीमा गुरु पद्मसम्भव जन्मनु भएको ठाउँ उड्डीयानको बौद्ध धर्ममा धुप्रै कुरीतिहरुले प्रवेश पाई सकेको थियो । हिन्दु संस्कृतिमा प्रचलित पशुवलि, तन्त्र मन्त्र एवं कर्मकाण्डलाई बौद्ध समाजले पनि बिस्तारै आफ्नो चर्यामा समाविष्ट गर्दै ल्याईरहेको थियो ।

चीनियाँ यात्री ह्वेन साङ्गले आफ्नो यात्रा वर्णनमा उड्डियानलाई तुना मुना, जादुगरी तथा भूतप्रेत विद्यामा लिप्त मान्छेहरुको नगरी भनी उल्लेख गरेका छन् । वहाँको यात्रा वर्णन अनुसार उड्डियानका बासिन्दाहरु तन्त्र मन्त्र आदिलाई कला र अध्ययन अन्वेषनको विषय ठान्दथे ।

वृटिश विद्वान लेखक स्नेल ग्रोभले आफ्नो "हिमालयन बुद्धिष्ट" नामक पुस्तकमा गुरु पद्मसम्भवबारे वडो रमाइलो विवरण प्रस्तुत गरेका छन् -

"सो-होर" का राजाले आफ्नो प्रिय छोरी मान्दर्भलाई धार्मिक विद्या आर्जनका लागि शान्तरक्षित सामु अभिनिस्क्रमण गर्न लगाए । मान्दर्भको दृढ संकल्पलाई गुरु पद्मसम्भवले बुझ्नु भई वहाँ उड्डियानबाट वायु मार्गबाट उडेर आउनु भई राजकुमारीलाई धार्मिक विद्या सिकाउन थाल्नु भयो । गुरु पद्मसम्भवलाई संधै सोहि कन्या केटीसग देखे पछि स्थानीय गोठालाहरुले गुरु पद्मसम्भव र राजकुमारी बीच अमर्यादित सम्बन्ध रहेको हल्ला फैलाईयो । यो हल्ला राजाको कानमा पनि पुग्यो । राजाले आफ्नो अत्यन्त विश्वासिलो गुप्तचरहरलाई गुर पद्मसम्भव र राजकुमारीको चियो गुर्न खटाए । यी राजाको विश्वास पात्र गुप्तचरहरुबाट पनि हल्लालाई पुष्टि गर्ने कुरा सुनेपछि राजाले राजकुमारीलाई एउटा भाँडा भित्र वन्द गरी त्यस भाँडालाई काँडाले भरि दिए । गुरु पद्मसम्भवलाई सैनिकहरुले वन्दी वनाई नगरबाट

टाढा सुनसान जंगलमा लगेर एउटा रुखमा डोरीले बलियो गरी बाधियो । पछि त्यस रुखलाई आगो लगाईयो । त्यस रुखमा सल्केको आगोले गर्दा सात दिन सम्म वरिपरि देख्न नसकिने भयो । सात दिन पछि स्वयं राजा त्यस स्थानको निरीक्षणको लागि गए । आश्चर्यजनक रुपमा उक्त आगो लगाएको रुखको वरपर ठाउँ त अहिले एक रमणीय तालमा परिणत भइ सकेको रहेछ । त्यस रमणीय तालको मध्ये भागमा एउटा सहस्र पातहरु भएको अति सुन्दर कमलको फूल फुलिरहेको थियो । त्यस सुन्दर कमलको बीचमा आठ वर्ष जतिको सुन्दर स्वस्थ बालक अति शान्त एवं सौम्य मुद्रामा ध्यान मग्न रहेको थियो । यस्तो अप्रत्यासित दृश्य देखेर राजा अचम्म भए र अति लज्जित पनि भए । यसपछि राजाले पश्चाताप स्वरुप आफ्नो राजकुमारी र सारा राजपाट उक्त बालकलाई चढाउन अनुरोध गरे ।

गुरु पद्मसम्भवले राजाको अनुरोधलाई स्विकार्नु भयो । यस उप्रान्त राजकुमारी वहाँको पत्नी बन्नु भयो ।

अर्को वृटिस विद्वान वाड् डेलको बिचारमा तन्त्र मन्त्र, तुना मुना जस्ता मायावि विद्याहरुको उद्गम उद्दियान थियो । डाकिनी तथा योगिनीहरुको मुख्य वासस्थान शायद उद्दियान नै थियो । डाकिनी र योगिनीहरु स्त्री लिङ्गका हुने गर्थे र हुल बाँधेर हिंड्ने गर्थे । यिनीहरु समाजमा आफ्नो विशेष प्रभाव पार्न तान्त्रिक विधिको नाममा वडो लज्जाजनक रुपमा अश्लिल यौन क्रियाकलापहरुमा संलग्न हुन्थे ।

यी डाकिनीहरुको तिब्बतमा प्रवेशले तिब्वती समाजमा नकारात्मक प्रभाव पार्नुका साथै तत्कालिन समाजलाई प्रचुर मात्रामा मद्य मांसको प्रयोगको लागि उत्साहित तुल्याउने काम भएको ठहर लेखक स्नेलग्रोभले गरेको छ ।

पछि त डाकिनी योगिनीहरु मध्ये भारत सम्म फैलिदै गयो । यसै समयमा बंगालबाट रक्तरञ्जित दुर्गा महाकाली शक्तिको उपासना समस्त एशियामा प्रचारित भई रहेको थियो । यस समय सम्म आई पुग्दा बौद्ध धर्ममा पनि प्रशस्त मात्रामा विकृतिहरुले प्रवेश पाई सकेको थियो र बौद्ध समुदाय पनि शक्ति उपाशना तिर आकृष्ट भई तन्त्र मन्त्रलाई नै मुल रुपमा स्विकार गरी दैनिक दिन चर्यामा प्रयोग गर्न थालि सकेको थियो ।

वृटिश विद्वान स्नेल ग्रोभको विचारमा मच्छेन्द्रनाथ र गोरखनाथ दुई अलग अलग सम्प्रदायका देवताहरुको रुपमा रहेका छन् । मच्छेन्द्रनाथलाई गोरखनाथको गुरु मानिएको छ । मच्छेन्द्रनाथ नेपालमा हिन्दू र बौद्ध दुवै समुदायका मानिसहरुका लागि उत्तिकै आदरणिय लोकेश्वर देवता हुन् ।

गुरु पद्मसम्भव कमलको फूलबाट उत्पन्न हुनु भएकोले वहाँलाई अमिताभको वंशगत मानिएको छ । यसरी नै गुरु पद्मसम्भवद्वारा तिब्वती जनसमुदायलाई बुद्धले प्रदत्त गर्नु भएको सोहि सत्य अहिंसात्मक मार्ग अवलम्बन गरी मोक्ष प्राप्ति तिर अग्रसर गर्न दीक्षित गर्नु भएकोले गुरु पद्मसम्भवलाई दोस्रो बुद्धको रुपमा लिइएको छ ।

## उपसंहार

गुरु पद्मसम्भवको उद्भव त्यस कठिन समयमा भएको थियो जुन बेला बौद्ध धर्म माथि कालो बादल मडारी रहेको थियो । गुरु पद्मसम्भवको यस धरतीमा अवतरण नै मानव गर्भबाट नभई कमलको फूल बाट भएको थियो । यतिबेला समाजमा तन्त्र मन्त्र एवं चमत्कारहरुको बिगबिगी रहेको थियो ।

भगवान बुद्धले आफ्नो परिनिर्वाण हुने बेलामा भविष्यवाणी गर्नु भए अनुसार नै गुरु पद्मसम्भवको उत्पन्न बौद्ध धर्मको पुनरुत्थानको लागि भएको देखिन्छ । संसारको हरेक मान्छेको आफ्नै विश्वास एवं आस्थाहरु रहेको देखिन्छ । कोही पुनर्जन्म माथि विश्वास गर्छन त कोही गर्दैनन् । गुरु पद्मसम्भवको जीवनी पनि यी विश्वास अविश्वासको घेराबाट पूर्ण रुपमा मुक्त रहेको छैन ।

---

*शायद पुरानो इतिहासमा कहिले पनि बुद्धको शान्ति सन्देशको त्यति खाँचो परेको थिएन जति आजका पीडित एवं भत्किएको मानव समाजलाई छ ।* **जवाहरलाल नेहरु**

# विश्व, विसंगति र बुद्धधर्म

➢ देव रंजित

दुःखको भुमरीमा पिल्सिरहेका मानव समाजलाई उद्धार गरेर सुखी र शान्तिपूर्ण जीवन यापन गर्नुमा सक्षम बनाउन यस धरतीमा अनेकौं महापुरुषहरुले जन्म लिइसकेका छन् । ती महापुरुषहरुको पंक्तिमा गौतम बुद्ध पनि एक हुन् । तर बुद्धको जीव जगतप्रतिको दृष्टिकोण अरुको भन्दा बिलकुलै भिन्न र मौलिक छ । अन्य महापुरुषहरुले झैं भगवान बुद्धले म इश्वरको अवतार या दूत हुँ, मेरो शरणमा आऊ तिमीहरुलाई यो भव संसारबाट तारिदिनछु भनेका छैनन् । उनले भनेका छन्-जसले धर्मलाई यथार्थ रुपमा देख्दछ, उसले मलाई चिन्दछ । जसले रोगीको सेवा गर्दछ उसले मेरो सेवा गरेको हुन्छ । जन्मले कुनै पनि मानिस ब्राह्मण या शुद्र हुँदैन । जसले जे कर्म गर्छ, कर्म अनुसार नै उसको पहिचान हुनेछ । ब्राह्मण कुलमा जन्मेर पनि कसैले शुद्र कर्म गर्दछ भने उसलाई शुद्र नै भन्नु पर्दछ । यसरी नै कुनै शुद्रले ब्रह्म कर्म गरेमा उ ब्राह्मणकै गणनामा आउँछ । उदाहरण हेर्न धेरै टाढा जानु पर्दैन । हाम्रै निकटतम् छिमेकी मित्र राष्ट्र भारतको प्रजातान्त्रिक धर्मनिरपेक्ष संविधानको निर्माता शुद्र कुलमा जन्मेका डा. अम्बेडकर नै हुन् । अनि वहाँ कसैको मालिक या दास पनि होइन । प्रत्येक व्यक्ति आफ्नो मालिक आफै हो, आफैले आफैलाई चिन्न र दमन गर्न सक्षम होउ र प्रज्ञाको बोध गर भनी बुद्धले मानव जातिलाई सन्देश दिनु भएको छ ।

**अत्ताहि अत्तनो नाथो कोही नाथो परोसिया**
**अनतांदं सुदन्तेन - नाथं लभति दुल्लभं ॥**

यसरी मानिसले मानिसलाई चिन्न नसकी सानो, ठूलो, धनी, गरीब, जातिपाती, छुवाछुत आदिको जालमा फँसेर दुःखको खाल्डोमा जकडिएका पीडित मानवहरुलाई निर्वाणको मार्ग देखाउँदै शान्ति र मैत्रीको बाटो नै एक मात्र दरिलो र फराकिलो दोबाटो हो भन्ने कुरा बुद्ध भगवानले देखाएका छन् । मानिस गुफा जीवनबाट निस्केर सामाजिक जीवनको थालनी गरेदेखि आज पर्यन्त शान्तिको खोजीमा लागिरहेकै छन् । तर बुद्ध जस्ता महामानवहरु बाहेक कसैले पनि यथार्थ शान्ति भेटाउन सकेका छैनन् । मरुभूमिमा तिर्खाएको मृगले झैं स्वाँ स्वाँ, फ्वाँ फ्वाँ गर्दै शान्ति शान्ति भन्दै शान्तिको खोजीमा दौडिरहेकै छन् । आज शान्तिको नारा सर्वत्र गुञ्जिरहेको छ । तर मानिसलाई संहार गर्ने र सम्पूर्ण धरतीलाई नै ध्वस्त गर्ने शस्त्रास्त्र निर्माण र भण्डारणको होडवाजीमा विश्वका ठूलठूला शक्तिशाली राष्ट्रहरु नै लागिपरेका छन् । एकातिर यस धरतीमा अरबौं जनता मुखभरिको चपेटामा परेर छटपटाई रहेका छन् र करौडौं त भोक भोकै विकराल कालको गाँस पनि बन्दैछन् । अर्कोतिर सम्पूर्ण मानव जाति र यस संसारलाई नै ध्वस्त गर्नलाई शस्त्रास्त्र निर्माण कार्यमा अरबौं होइन खरबौं डलर पानी सरह बगाइरहेका छन् । अनि आफैले थुपारेका अपरिमित आणविक लगायतका शस्त्रास्त्रको पर्वतमुनि बसेर भोलि विहान निश्चित भै उठ्न पाइने हो या होइन, भोलिको शान्त विहानी देख्न पाइने हो या होइन भन्ने पीरले निद्रामा पनि छटपटाइरहेका छन् ।

आजको विश्वमा साँच्चै नै अनौठा द्वन्दहरुले भरिएको संसार बनेको छ । एकातिर मानिसहरु युद्ध, संग्रामदेखि थरहरी भै भैकन पनि तत्परताको साथ युद्धको तयारीमा जुटेका छन् । अर्कोतिर मानव आवश्यकताका वस्तुहरु प्रचुर मात्रामा उत्पादन भैरहेकोछ । तर पनि अधिकांश मानिसहरु विपन्न अवस्थामा दयनीय जीवन गुजार्न बाध्य छन् । आज जनसंख्याको विष्फोटनले गर्दा विश्वमा भीड झन झन् बढ्दो छ । तर अथाह भीडको बीचमा मानिसले आफूलाई एक्लो पाउन थालेको छ । पारिवारीक स्नेह, सहयोग, सद्भावना विस्तारै हराउँदो छ । छिमेकी छिमेकी बीचको सम्वन्धको न्यानोपना चिसिदै छ । दाजुभाई, साथीभाई, नाताकुटुम्बहरुमा आपसी समभदारी र इमान्दारीता नराम्रोसँग क्षीण हुँदै जाँदो छ र एकले अर्कालाई विश्वास गर्न छाडिसकेको छ ।

सुख र शान्तिको खोजीमा मानिस विज्ञानको बलले प्रकृतिमाथि विजयप्राप्त गर्ने अभियानमा लागिरहेकोछ । तर पनि उसले यथार्थ रुपमा सुख र शान्ति भेट्टाउन सकेको छैन । जताततै अशान्ति नै अशान्ति व्याप्त छ । सुख र शान्ति मानिसबाट झन् झन टाढिंदो छ । यसको कारण एउटै हुन सक्छ मैत्री भाव र करुणा संचार हुने हाम्रो हृदयमा राग, द्वेष, घृणा, इर्ष्या जस्ता विषाक्त भावनाले गहिरो जरा हाल्दै जानु ।

शान्ति नामको वस्तु खोज्न कतै टाढा भौतिरनु पर्दैन । शान्ति र मैत्रीपूर्ण भावना र व्यवहारले ओतप्रोत परिवार, समाज, देश र संसारभरि जताततै दुबो झै व्यापक छ । केवल मानिसहरुको मनमा मैत्री भावले भरिएको हुनु पर्दछ । शान्ति त कुवा र इनारमा पानी आफ से आफ भरिए झै आफै व्याप्त हुन्छ । शान्ति सधैं प्राप्त गर्न सकिन्छ । तर शान्ति प्राप्त गर्ने बाटो प्रार्थना र बली प्रथा होइन । शान्ति त अरुसंग र वातावरणसंग मानिसको तालमेल मिलाएर पर्यावरणको संरक्षण गर्न सक्नुको परिणाम हो । कृत्रिम रुपमा शान्ति भेट्टाउन सके जस्तो भएपनि त्यो चीरस्थायी हुँदैन ।

मैत्री भन्ने के कुरो हो त भनी केलाएर हेर्दा हामी के भेट्टाउन सक्छौं भने सबैको भलो हुने, कसैप्रति रिस राग नहुने भावना र व्यवहारलाई नै मैत्री भन्दछ । रागयुक्त तृष्णाले छापेको मित्रतालाई मैत्री भनिदैन । झुत्रोझाम्रो नै भएपनि सफासुग्घर र राम्रो लुगा लगाउने स्वस्थ र राम्रो व्यवहार गर्ने मानिससंग जो पनि नजिकिन चाहन्छ । तास किन्खावकै भएपनि फोहर मैलो लुगा लगाउने अस्वस्थ र नराम्रो व्यवहार गर्ने व्यक्ति सबैको आँखाको कसिंगर बन्न सक्छ । तर मैत्री भावयुक्त हृदय भएको व्यक्तिले ती दुवै प्रकारका मानिसहरुप्रति समान व्यवहार गर्दछ ।

मैत्रीको लक्षण के हो त भनी खोज्दा "भवतु सब्ब मंगलम्" सबैको हित चिताउनु, मंलगमय कामना गर्नु नै मैत्री भाव हो भन्ने हामी पाउँछौं, अथवा क्रोध उत्पन्न हुन नदिएमा नै चित्तमा मैत्री भाव स्वतः स्फूरण भएर आउँछ । आफूलाई मार्न आउने देवदत्त, मानिसहरुको हत्या गरी मानिसको औंलाको माला लगाएर हिड्ने अंगुलीमाल लगायत आफ्ना प्रिय राहुल आदि सबैप्रति भगवान बुद्धले कसरी समभाव, करुणा र मैत्रीपूर्ण व्यवहार गरी मैत्री, करुणा, उपेक्षा र मुदिताको सन्देश दिए, त्यही नै मैत्री भावको चिन्ह या लक्षण हो ।

मानिसले कसैको हित चिताउने वित्तिकै उक्त व्यक्तिले सही अर्थमा हित नै गर्न नसके पनि कम से कम अहित कार्यरत हुन जाँदैन उसबाट । मनिसको हृदय मैत्री र करुणा भावले भरिएमा उसको मनलाई जलाई राख्ने इर्ष्या भावलाई हुरी बतासको भुमरीले धुलो उडाएर सफा पारे झैं चित्त निर्मल पारी दिन्छ । मैत्री चित्त चुम्बकको डल्लो जस्तै हो, सरुवा रोग जस्तै हो । चुम्बकको डल्लोले झैं मैत्री चित्तयुक्त व्यक्तिको वरिपरि सबै मानिसहरु झुम्मिन आउँछन् । यसरी नै सरुवा रोग झैं राम्रो गुण र स्वभाव पनि अरुमा सर्ने हुन्छ । फेरि एकजना रिसले आगो हुने बित्तिकै त्यस व्यक्ति अगाडिको व्यक्ति पनि रिसले भुटुक्क भए झै मैत्री भावले एक अर्कामा मैत्री भाव नै टुसाएर आउँछ । आफ्नो हृदय मैत्री भावले ओतप्रोत राख्न सकियो भने मानिस साँच्चैको मानिस, शान्त चित्तयुक्त जीव भएर जीवन व्यतित गर्न सफल हुनेछ । राग, द्वेष, तथा रीसलाई त्यागेर मैत्री भाव युक्त हृदय लिएर जीवन धान्न सकेमा नै शान्ति नामक वस्तु मानव समाजको वरिपरि दुबो फलाए झै व्याप्त भैरहन्छ । जहाँ शान्ति र मैत्री व्याप्त हुन्छ, आ-आफ्नो कर्तव्य पालन गरेर समाज उत्थान र राष्ट्र निर्माणमा यथायोग्य, यथाशक्य योगदान पुऱ्याएर यही धरतीमै स्वर्गीय जीवन यापन गर्न सक्नेछ ।

आज मानव समाजमा सम्पूर्ण वस्तुहरु भौतिक वस्तु या सेवा आदि किनबेचका वस्तु भैसकेका छन् । अज्ञानताको अन्धकारमा रुमलिरहेका मानिसहरुमा ज्ञानको प्रकाश छरी आँखा खोली दिने शिक्षासम्म पनि किनबेचको वस्तु बनिसकेको छ । आजको यस स्थितिमा कुनै मूल्य नतिरिकन प्राप्त गर्ने सकिने कुनै वस्तु रहेको छ भने केवल मैत्री भावना बाँकी रहेको छ । मैत्री चित्त जो सुकैले पनि आफ्नो हृदयमा उत्पन्न गर्न सक्दछ, उत्पन्न गर्न मात्र जान्नु पर्दछ । न बगिरहेको पानी जोसुकैले पनि आफ्नो भाँडोमा भर्न सके झै मैत्री भावको अभ्यास पनि जोसुकैले गरे पनि बन्धन हुँदैन । मैत्री भावको विकास शारिरीक, मानसिक दुवै प्रकारले गर्न सकिन्छ । खाने, लाउने, रहने, अ

आदि गरेर भेदभाव नराखी कसैलाई मद्दत सहयोग गर्नुलाई कायिक मैत्रीभाव भनिन्छ । अरुको हित हुने राम्रो कामको बारेमा बताउनु, सिकाउनुलाई वाचिक मैत्रीभाव भन्दछ । मैत्री भावले युक्त व्यवहार गर्ने व्यक्तिले कसैलाई पनि धनी, गरीब, राम्रो, नराम्रो शक्तिशाली, अशक्त, अधिकारी या सर्वसाधारण जोसंग पनि राम्रो काममा भेदभाव गर्दैन । सबैप्रति मैत्रीभावयुक्त व्यवहार गरिरहेको हुन्छ ।

शान्ति र मैत्री भावनाको बलले मात्र मानव समाज प्रगतिको बाटोतिर अगाडि लम्कन सकिन्छ भन्ने कुरालाई चटक्कै बिर्सेर आ-आफ्नै निहित स्वार्थको जालोमा अल्मलिएर पैसाको शरणमा गैरेहको विश्वले विस्तारै विस्तारै बुद्धलाई चिन्न थालेको छ, बुद्धको शिक्षा ग्रहण गर्दैछ । वहाँको शान्ति र मैत्रीको सन्देश:

**नत्थि राग समो अग्गि – नत्थि दोससमो कलि ।**

**नत्थि खन्ध समा दुक्खा-नत्थि सन्ति परं सुखं ॥**

"राग समान अग्नि अर्को छैन, द्वेष समान अपराध अर्को छैन, पञ्चस्कन्ध समान दुःख अर्को छैन, तथा शान्ति समान सुख अर्को छैन" बुझ्ने कोशिस गर्दैछ । बुद्धको शिक्षाले मानव समाज प्रगतिपथमा लम्कन कतिको मद्दत गर्दछ भन्ने कुरा बुझ्न खोज्दा विश्वले मान्ने कुनै वैज्ञानिक धर्म भए त्यो हो बुद्ध धर्म भनी वैज्ञानिक आईन्साटाइनले भनेको अभिव्यक्ति मनन गर्दा पनि छर्लङ्गिन्छ । र धर्महरुमध्ये कुनै एउटा रोज्न परेमा बुद्धधर्म नै रोज्नेछु भन्ने उक्त विख्यात वैज्ञानिकको भनाइले पनि पुष्टि गर्दछ ।

तर, विडम्बनाको कुरो, दीयोमुनि अँध्यारो भने झैं एशियाको ज्योति, विश्व शान्तिका अग्रनायक बुद्धको शान्ति र मैत्री सन्देशलाई नेपाल बाहिरको दुनियाँले दिन प्रतिदिन मनन गर्दै, ग्रहण गर्दै बौद्ध जीवन पद्धति अङ्गिकार गर्दै गैर हेको भएता पनि बुद्धको आफ्नै जन्मभूमि शान्तिभूमि, नेपालले शान्ति र मैत्रीको सन्देशलाई सही अर्थमा बुझ्न नसकी या बुझ पचाई राग, द्वेष र तृष्णाको फन्दामा फँसी अमैत्रीपूर्ण समाज संरचनातिर अग्रसर हुँदैछ । बुद्धले निर्माण गर्नु खोजेको समाज जातिपातिको भेदभाव रहित मैत्रीपूर्ण समाज निर्माण कार्य अघि बढाउन आएको मुलुकी ऐनकै ठेलीमा मात्र सीमित रहन गएको छ । मानिस मानिस बीचको भेदभाव, छुवाछुतरहित समाजको निर्माण गरेर मैत्रीपूर्ण शान्तिभूमि नेपाललाई प्रगतिपथमा अग्रसर देख्ने चाहना र यस कार्यमा केही योगदान गर्ने शान्ति प्रेमी नेपालीहरुको आकांक्षा केवल चाहना र आकांक्षामै सीमित रहेको छ ।

शान्तिका अग्रनायक भगवान बुद्धको शिक्षा तथा शान्ति सन्देशलाई राम्ररी हृदयंगम गरी उनको बाटो अनुशरण गर्दै अघि बढ्ने कार्यमा अन्य मुलुकका मानिसहरु हामी नेपालीहरुलाई धेरै पछि छोडेर अघि बढेका छन् । हामी नेपालीहरु पनि मैत्री चित्तयुक्त सुयोग्य नागरिक बनी भगवान बुद्धको सन्देश:

**सब्ब पापस्स अकरणं – कुसलस्स उपसमपदा ।**

**सचित परियोदपनं – एतं बुद्धान सासनं ॥**

"सधैं पापकर्मबाट बचेर बस्नु, कुशल कार्य पुण्य संचय गर्नु, आफ्नो चित्तलाई परिशुद्ध राख्नु यही नै बुद्धहरुको उपदेश हुन् ।" लाई हृदयगम गरी चतुआर्य सत्यको अवबोध गरी आर्य अष्टाङ्गिक मार्गको अनुशरण गर्दै बौद्ध जीवन पद्धति अगाल्न सकेमा नै सही अर्थमा शान्तिपूर्ण र मैत्रीपूर्ण नेपाली समाज निर्माण गर्न सक्नेछौं ।

---

## जापानी भनाई

*बौद्ध विचार नै आधुनिक युगमा यस्तो विचार हो जसलाई अंगालेर पूर्वका महान देशहरु भारत, चीन र जापान एकमतो हुन सक्छ ।*

# धर्मदेशना

➢ विक्रम बुद्धाचार्य

बुद्ध शिक्षालाई जनमानसमा पुऱ्याउने सबै भन्दा पुरानो र प्रभावकारी माध्यमको रुपमा धर्मदेशनालाई लिन सकिन्छ। २५०० वर्ष पहिले बोधिसत्व सिद्धार्थले ठूलो त्याग र मेहेनत पछी प्राप्त गरेको ज्ञानको भण्डारलाई धर्मदेशनाकै माध्यमबाट बहुसंख्यक व्यक्तिहरुमा पुऱ्याउन सफल हुनु भएको थियो। धर्मदेशनाबाट नै प्रभावित भएर कयौंले आफ्नो घरबार, सम्पत्ति त्याग गरेको र कतिपयले श्रोतापन्न, सकृदागामी, अनागामी र अर्हत् फल प्राप्त गर्न सफल भएको पाईन्छ। त्यसैगरी समाजको कपटपूर्ण व्यवहारबाट मानसिक सन्तुलन गुमाइसकेका र कयौं अनैतिक कार्यमा लागेकाहरुलाई सही मार्गमा डोऱ्याउनमा समेत धर्मदेशनाले महत्वपूर्ण भूमिका निभाएको हामी पाउँदछौं। छोटकरीमा भन्नुपर्दा जीवन दुःखपूर्ण छ, दुःखको कारण पनि छ, दुःखको अन्त गर्न सकिन्छ, दुःखको अन्त गर्ने माध्यम पनि छ र त्यो माध्यम भनेको आर्य अष्टाङ्गीक मार्ग हो, यही माध्यमबाट नै दुःखको नाश गर्दै कुनै पनि व्यक्ति निर्वाणको मार्गमा पुग्न सक्दछ, यो नै बुद्ध शिक्षा हो।

हाम्रो सामाजिक परिवेसमा विभिन्न किसिमका अन्धविश्वास र भ्रमको जालोमा फँसेर मानिसहरुले अपराधिक वा भनौं दोषपूर्ण कार्य गरीरहेको पाउँदछौं। यिनै दोषपूर्ण कार्यको फलस्वरुप कयौंले मानसिक सन्तुलन गुमाइ रहेको छ, कयौंले आत्महत्यालाई अंगाल्न बाध्य भइरहेको, कतिले अरुको हत्याबाट आफ्नो सुरक्षा भएको ठानिरहेको छ त कयौंले बेहोसीलाई जीवन मुक्तिको मार्ग मानिरहेको छ। यस्ता अनगिन्ति उदाहरणहरु यत्रतत्र पाउन सक्छौं। समष्टिमा भन्नुपर्दा वास्तविकतालाई नबुझ्दा वा भनौं बुझ्न नखोज्दा यी सबैले दुःख झेलिरहेका छन् र साथै अरुलाई पनि दुःख दिइरहेका छन्। यस्तो अवस्थामा अन्धविश्वास र भ्रमको जालोबाट कुनै मानिसलाई मुक्त गर्नका लागि बुद्ध शिक्षालाई अचुक उपायको रुपमा लिन सकिन्छ।

यसै बुद्ध शिक्षालाई व्यक्ति व्यक्तिमा पुऱ्याउनु अहिलेको प्रमुख चुनौती हो। जब सम्म बुद्धको मध्यम मार्ग कुनै पुस्तक भित्र वा कुनै व्यक्तिको मस्तिष्क भित्र मात्र संकुचित भएर रहन्छ, तब सम्म न त बुद्ध शिक्षाको प्रचार नै हुन सक्छ न त यस बाट समाजलाई कुनै फाइदा नै हुन सक्छ। भगवान गौतम बुद्धको पालामा वा भनौं वहाँको परिनिर्वाण पछिका विभिन्न घटनाक्रमहरुलाई अध्ययन गर्दा त्यसवेला भिक्षु भिक्षुणीहरु कुनै यातायात साधन विना पनि दुर्गम भन्दा दुर्गम गाउँ सम्म पुगेर धर्मदेशनाको माध्यमद्वारा धर्मप्रचारमा जुट्ने गरेको स्पष्ट हुन्छ। यसरी गाउँ, नगर घुम्दा भिक्षाटन वहाँहरुको प्रमुख आहार र विहार, पाटी, पौवा, जंगलको कुनै वृक्ष आश्रय स्थल हुने गरेको पनि भेटिन्छ। यस्तो अवस्थामा जस्तो सुकै प्रतिकूल परिस्थिति आइपरे पनि जीवन र जगत बारे स्पष्ट जानकारी भएका ती संयमित भिक्षु, भिक्षुणीहरु कत्ति पनि विचलित नभईकन एकाग्र चित्तले बुद्ध शिक्षाको प्रचारमा जुट्ने गरेको र फलस्वरुप जनमानसबाट पनि उत्तिकै सम्मान पाउने गरेको थाहा लाग्छ।

तर वर्तमान परिवेसमा बुद्ध धर्मका नाउँमा विभिन्न किसिमका कार्यक्रमहरु हुने गरेता पनि ती कार्यक्रमहरुको सूचिमा धर्मदेशना नपर्दा वा परिहाले पनि समयको पावन्दी वा अन्य विविध कारणले औपचारिकतामा मात्र सीमित हुन पुगेको आभाष हुन्छ। यही क्रमले निरन्तरता पाउँदै गयो भने भिक्षु, भिक्षुणी, उपासक, उपासिकाको बीचमा सेतुको काम गर्दै आएको धर्मदेशनाको प्रचलन लोप भएर नजाला भन्न सकिन्न।

यीनै कुराहरुलाई मध्यनगर राखेर बौद्ध संघ संस्थाहरुले बढी से बढी धर्मदेशनाका कार्यक्रमहरु आयोजना गर्दै जानुपर्दछ, अनिमात्र भिक्षु, भिक्षुणी, उपासक उपासिकाका बीचमा विश्वासको वातावरण मौलाउँदै जानेछ र यसैको माध्यमबाट बहुसख्यक व्यक्तिहरुलाई निर्वाणको मार्गतर्फ उन्मुख गराउनमा मद्दत मिल्नेछ।

❀❀❀

१)	आर्य अष्टांगिक मार्ग:

दुःख निरोध गर्ने मार्गलाई आर्य अष्टांगिक मार्ग भनिन्छ। निम्न ८ मार्गहरुको अभ्यासबाट निर्वाण प्राप्त गर्न सकिन्छ।

| | | | |
|---|---|---|---|
| (i) | सम्यक् दृष्टि | - | ठीक धारणा |
| (ii) | सम्यक् संकल्प | - | ठीक संकल्प |
| (iii) | सम्यक् वचन | - | ठीक वचन |
| (iv) | सम्यक् कर्मान्त | - | ठीक कर्म |
| (v) | सम्यक् आजीविका | - | ठीक जीविका |
| (vi) | सम्यक् व्यायाम | - | ठीक प्रयत्न |
| (vii) | सम्यक् स्मृति | - | ठीक स्मृति |
| (viii) | सम्यक् समाधि | - | ठीक एकाग्रता |

२)	**निर्वाण : तृष्णा निर्मूल भएको अवस्थालाई निर्वाण भनिन्छ।**

---

जानी राखौं

## दर्शनीय बौद्ध स्थलहरु

| राष्ट्र | बौद्ध स्थल |
|---|---|
| नेपाल | लुम्बिनी, कपिलवस्तु, देवदह, रामग्राम |
| भारत | बुद्धगया, सारनाथ, कुशीनगर, श्रावस्ती, राजगृह, संकाश्य, वैशाली, नालंदा, अजंता, एलोरा, कौशाम्वी |
| पाकिस्तान | तक्षशिला |
| अफगानिस्तान | वामियान |
| तिब्वत | पोताला दरवार, मानसरोवर |
| श्रीलंका | श्रीपाद, महितल, अनुराधापुर |
| थाइल्याण्ड | अयोध्या |
| वर्मा | मांडले, सेमउथी, अरकान, भकां, स्वेसतः या |
| चीन | क्वाञ्ची विहार, शाओलीन, तुनह्वांग गुफा, यनकांग गुफा, लुङमेन गुफा, मैचिसान गुफा र चार प्रशिद्ध पवर्तहरु |


हाम्रो विशेषता :

फलामको टेका र प्लेटको सहायताले सर्टिङ्ग गरी
ठूला ठूला भवन ढलान गर्नु परेमा
सम्पर्क राख्नुहोला।



ताङ्बे निर्माण सेवा

सृजनाचोक, पोखरा, फोन नं.:- ०६१-२८००९

# बयोबृद्ध भिक्षु सुभद्रलाई हार्दिक शुभकामना

➢ तिलकमान गुभाजू

बयोबृद्ध भिक्षु सुभद्र यहाँका ख्यातिप्राप्त व्यक्तित्व हुनुहुन्छ। उहाँले धार्मिक क्षेत्रमा सुकीर्ति फैलाउनु भएको छ। उहाँ जुन बेला जुन क्षेत्रमा लाग्नु हुन्छ, त्यसमा पूर्ण समर्पित भै लगनशीलता पूर्वक लाग्नु हुन्छ र सफलता पनि प्राप्त गरेरै छोड्नु हुन्छ। यो उहाँको पहिलेदेखिकै प्रवृत्ति र स्वभाव हो। अहिले उहाँ बौद्ध भिक्षु हुनुहुन्छ। बौद्ध जगतमा उहाँको नाम र प्रभाव अत्यन्त सकारात्मक किसिमले फैलिएको छ।

आज यो लेख्दा धेरैलाई आश्चर्य लाग्न सक्छ कि उहाँ प्रजातन्त्रका सेनानी पनि हुनुहुन्छ। उहाँले २००७ सालको जनक्रान्तिमा सक्रिय भाग लिनु भएको थियो। नेपाली काँग्रेस पार्टीसँग आबद्ध भएर उहाँ त्यस पार्टीको जिल्ला उप-सभापति समेत रहनु भएको थियो। शैक्षिक जागरण र सामाजिक उत्थानमा अत्यन्त अभिरुची राख्नु हुने उहाँले आफ्नो क्षेत्रमा शिक्षण संस्थाहरु स्थापना गर्ने र त्यस्ता संस्थालाई आफ्नै निजी जमिन समेत दान दिएर उदाहरण देखाउने गर्नु हुन्थ्यो। नेपाली काँग्रेस पार्टीले समाजवादी नीति अख्तियार गरेको बेलामा उहाँले आफ्नो जन्मथलो घाचोकमा भएको आफ्नो जग्गा केही गरिबहरुलाई वितरण गर्नु भएको धेरैलाई थाहा छ।

उहाँ आफ्नो जवानीमा पनि साधा जीवन यापन गरी उच्च विचार राख्नु हुन्थ्यो। तडक भडक र खर्चालु हुने बानी उहाँको कहिल्यै रहेन। उहाँ गाउँमै बुनिने घरबुनाको लुगा लगाउनु हुन्थ्यो। खालिखुट्टा हिड्नु हुन्थ्यो। एउटा आदर्शवादी व्यक्तित्वको रुपमा उहाँ त्यसैबेला पनि परिचित हुनुहुन्थ्यो।

सम्पन्न लसाल परिवारमा जन्मनु भएका उहाँ जिमुवाल, मुखिया पनि हुनुहुन्थ्यो। उहाँले पुरेत्याइ काम पनि गर्नुभयो। धर्म कर्ममा बढी आस्था राख्ने भएकाले उहाँले हिन्दु धर्मका चार धामको पाँच पटक यात्रा गर्नुभयो। उहाँले आफ्नो गाउँदेखि उत्तर माछापुच्छ्रेको एकान्त फेदीमा गएर लामो समय तपस्या पनि गर्नुभयो। तैपनि उहाँको चित्त शान्त भएन। के गरुँ र कसो गरुँ भनेर उहाँको मन छटपटी रह्यो।

उहाँले पोखराको बुद्ध विहारका संस्थापिका अनागारिका धर्मशीलाको सम्पर्कबाट बुद्ध धर्मका केही किताबहरु पढ्ने र बुझ्ने गर्नुभयो। पछि भिक्षु अमृतानन्दबाट उहाँले धेरै कुरा सिक्नु भयो। उहाँ बुद्ध धर्मका शील, समाधि र प्रज्ञाका कुराबाट क्रमशः प्रभावित हुनुभयो। शान्ति, मैत्री, करुणा र अहिंसाको सिद्धान्तको अध्ययन गर्दा गर्दै उहाँले आफूले चाहेको मार्ग फेला परेको अनुभूति गर्नुभयो।

त्यसबेलासम्म जयलाल लसाल नामबाट परिचित उहाँमा भित्रभित्रै ठूलो परिवर्तन आइरहेको थियो। उहाँ परम्परामा रुमलिरहन चाहनु भएन। कर्मकाण्डमा अल्झिएर बसिरहन पनि चाहनु भएन। तर के गर्ने उमेरले डाँडा काटिसकेको थियो। ७० वर्ष नाघि सकेपछि मानिस कति क्रान्तिकारी हुन सक्छन् र ? त्यस्तो उमेरमा मानिस स्वभावतः यथास्थितिवादी हुन्छन्। तर अपवादस्वरुप उहाँले ७० वर्ष नाघेपछि विद्रोह गर्नुभयो, क्रान्ति गर्नुभयो। उहाँले आफूले बाल्यावस्थादेखि लगाउँदै आएको जनैको औचित्य नभएको महशूस गरी परित्याग गर्नुभयो। परिवार र समाजमा ठूलो खैलाबैला मच्चियो। त्यसबेलाको समाज अहिलेको भन्दा बढी पुरातनवादी नै थियो। अनेक लान्छना र आरोप आए। कतिपयले जातपात, इज्जत, प्रतिष्ठा र धर्मका कुरा झिकेर औंला ठड्याए। तैपनि उहाँ आफ्नो गन्तव्य तर्फ लागि

नै रहनु भयो। ७५ वर्षको उमेरमा आफ्नो धर्म परिवर्तन गरी उहाँ बुद्धधर्ममा दीक्षित भै बौद्धभिक्षु बन्नु भयो र भिक्षु सुभद्र नामले सुपरिचित हुनु भयो।

अहिले हाम्रो समाजमा एकजना ब्राह्मण बौद्ध भिक्षु बनेकोमा धेरैले आश्चर्य व्यक्त गर्ने गरेका छन्। तर त्यो केही आश्चर्यको कुरा होइन। बुद्ध धर्म र ब्राह्मण भन्ने विपरीत कुरा होइनन्। यो गलत सोचले गर्दा भ्रम भएको मात्र हो। यो बौद्ध दृष्टिकोण पनि होइन। जुन धर्मले जातिय भेदभाव मान्दैन त्यही धर्मले कुन जातका मानिस बौद्ध भिक्षु भएको भनेर शंका उपशंका गर्ने र भेदभाव गर्ने गर्दैन। बुद्ध धर्म समतामा विश्वास गर्दछ। यसमा उच-नीच भन्ने हुँदैन, जातिय भेदभाव हुँदैन।

भन्ने नै हो भने भगवान बुद्ध आफै क्षेत्रीय वंशका हुन्। उनले बुद्धत्व प्राप्त गरेपछि सबभन्दा पहिले जुन पञ्चवर्गीय भिक्षुहरुलाई धर्म देशना गरे, भिक्षु बनाए, उनीहरु सबै ब्राह्मणहरु थिए। ब्राह्मण कुलमा जन्मेकाहरु नै सबभन्दा पहिले बुद्ध धर्ममा दीक्षित भएका थिए भने बुद्धधर्म र ब्राह्मण विपरीत कुरा कसरी हुन सक्छ ? भगवानका अग्रश्रावक भनेर चिनिने सारिपुत्र र महामौदगल्यान दुबै ब्राह्मण थिए। बुद्ध धर्मको पहिलो संगायन (सभा) को नेतृत्व गर्ने महाकाश्यप भिक्षु पनि ब्राह्मण कुलका थिए।

बुद्धकालीन अवस्थामा मात्र होइन, त्यसपछि पनि धेरै ठूल्ठूला विद्वान ब्राह्मणहरु बौद्ध भएका उदाहरणहरु छन्। आचार्य नागार्जुन जसले शुन्यवादको प्रतिपादन गरे, उनी ब्राह्मण थिए। आर्य असंग, वसुबन्धु, दिग्नाग, धर्मकीर्ति आदि जसले बुद्ध धर्ममा प्रवेश गरेर एक पछि अर्को कीर्तिमान कायम गरे, ती सबै ब्राह्मण नै थिए। पछि कहिले आएर बुद्ध धर्म र ब्राह्मण जातका बीच भेदभावको रेखा कोरियो, त्यो रहस्मय छ। त्यो बुझ्नुपर्ने कुरा भएको छ।

भारतका भदन्त आनन्द कौशल्याय, राहुल सांस्कृत्यायन, जगदीश काश्यपहरु जसले बुद्ध धर्मको पुनस्थापना गर्ने काममा महत्वपूर्ण योगदान गरे, ती सबै ब्राह्मणहरु नै थिए। बुद्ध धर्मको विकास र विस्तारमा ब्राह्मणहरुले महत्वपूर्ण योगदान पुऱ्याएका छन्। यो इतिहासमा घाम जस्तै प्रष्ट छ। तैपनि किन हो बुद्ध धर्मका उपासक र ब्राह्मणको बीच केही भ्रम छ, असमझदारी छ र कहीं कतै सौहार्दताको अभाव भएको पनि देखिन्छ।

तर भिक्षु सुभद्रले त्यो भ्रम निवारण गर्ने प्रयास गर्नु भएको छ। यी दुई पक्षबीच समझदारी कायम गर्ने उद्योग गरिरहनु भएको छ, सौहार्दता र सद्भाव बढाउने काममा लागिपर्नु भएको छ। यो उहाँको मिशन महान् छ। उहाँको योगदान अमूल्य छ। समाजमा शान्ति, सहिष्णुता, भाइचारा र मैत्रीभाव फैलाउन उहाँले जे जसरी काम गरिरहनु भएको छ, त्यसबाट सकारात्मक परिणाम निस्कन थालेको छ। हाम्रो समाजमा ह्रास हुँदै गएको मूल्य र मान्यता सम्बन्धमा उहाँ अत्यन्त चिन्तित हुनुहुन्छ। त्यसको अभिवृद्धिमा उहाँ सबैलाई भन्दै हुनुहुन्छ, कराउँदै हुनुहुन्छ।

शान्तिका पूजारीका रुपमा प्रतिष्ठापित हुनु भएका उहाँले समाजमा हत्या, हिंसा, आतंक, कतै नहोस भन्ने कामना गर्नुहुन्छ। त्यस्तो कुरा कतैबाट पनि सुन्नै नपरोस भन्नु हुन्छ। बुढेसकालको कारणले आफ्नो कान आँखा कमजोर हुँदै गएकोमा पनि उहाँ त्यति चिन्तित हुनुहुन्न। कमसेकम त्यस्तो खराब कुरा देख्न परेन र नराम्रो कुरा धेरै सुन्न परेन भनी उहाँ सन्तोषको स्वास फेर्नु हुन्छ।

भिक्षु सुभद्र बुद्ध धर्ममा त्यसै लाग्नु भएको होइन। कसैको हाहामा लागेर दीक्षित हुनु भएको पनि होइन। ७५ वर्षको उमेरमा दीक्षित भएर भिक्षु बन्नु सामान्य कुरा होइन। त्यो असाधारण कुरा हो। त्यो असाधारण कुरालाई उहाँले

आफ्नै जीवनमा उतारेर प्रयोग गरेर देखाइदिनु भएको छ ।

भिक्षु बनेपछि उहाँ त्यसै चूप लागेर बस्नु भएन । सधै सक्रिय रहनु भएको छ । केहीं न केही प्राप्त गर्न लागिरहनु भएको छ । भिक्षु बन्नु भएपछि उहाँले धेरै बौद्ध तीर्थस्थलहरुको दर्शन गर्नुभएको छ, अध्ययन र अवलोकन गर्नु भएको छ । काठमाण्डौको आनन्दकुटी विहारमा भिक्षु अमृतानन्द महास्थविरको निकटमा रहेर उहाँले बुद्धधर्मको अरु गहिरो अध्ययन गर्नुभयो । लुम्बिनीमा बसेर त्यहाँका वरपरका थारु र मुसलमान समाजमा पनि बुद्ध धर्मको प्रचार गर्नुभयो । उहाँ जहाँ पनि जोसँग पनि धर्मको चर्चा गर्नुहुन्छ । मानिसहरुले सकेसम्म छिटो सद्धर्म पाओस् भनेर उहाँ प्रयत्नशील हुनुहुन्छ । धर्म प्रचार गर्नकालागि जान उहाँले कहिल्यै गाह्रो मान्नु भएन । उहाँले एकताका कैलाली जिल्लाको धनगढीमा गएर विकट ठाउँहरुमा पनि धर्म प्रचार गर्नु भयो ।

भिक्षु सुभद्रले आफ्नो जन्मेको गाउँ घाचोकमा माछापुच्छ्रे बुद्ध विहार निर्माण गर्नुभएको छ । त्यहाँ वैशाख पूर्णिमाको दिन बुद्ध जयन्ती मनाउने परम्परा बसाल्नु भएको छ । आफू हिड्न सक्ने अवस्थासम्म पनि उहाँ गाउँमा गएर धर्म प्रचार गरिरहनु भएको प्रशंसनीय छ ।

भिक्षु सुभद्र ज्यादै उदार प्रवृत्तिका हुनुहुन्छ । उहाँले स्वार्थीपन र संग्रह गर्ने प्रवृत्ति पहिल्यै परित्याग गरिसक्नु भएको छ । उहाँले आफ्नो निजी वस्तु र सामान भनेर कहिल्यै संकलन गर्नु भएन । आफूलाई आएको दानको सामान र नगद रुपैयाँ पनि गनेर हेरेर आफूले राख्नु भएन । उहाँले आफूलाई प्राप्त सामान अरुलाई वितरण गरिदिनु हुन्छ । उहाँले कहिल्यै रिस गर्नु भएको थाहा छैन । खानेकुरादेखि लिएर अरु चीजहरुमा पनि उहाँले कहिल्यै त्यो हुन्छ र यो हुन्न भनेर भन्नु भएन । उहाँ ज्यादै शान्त स्वभावका हुनुहुन्छ । कसैलाई पिरोल्ने र दु:खदिने काम उहाँले गर्नु भएन । उहाँ अर्काको कुरा ध्यान दिएर सुन्नु हुन्छ । आफ्नो विचार र प्रश्न अरुसामु सरल किसिमले राख्नुहुन्छ । उहाँको शील स्वभाव र व्यवहार हेर्दा जोकोहीले पनि उहाँ उच्च स्तरमा पुग्नु भएको अनुमान गर्न सक्दछ ।

बुद्ध धर्ममा साधकहरुले साधना गर्दा गर्दै श्रोतापन्न, अनागामी, सकृदागामी देखि अर्हत पद प्राप्त गरेका धेरै उदाहरणहरु पाइन्छन् । श्रोतापन्न फल प्राप्त गर्ने साधकले बढीमा सात जन्ममा अर्हत पदलाभ गर्न सक्ने बौद्ध शास्त्रमा उल्लेख छ । भिक्षु सुभद्रले त्यस्तो कुनै न कुनै फल प्राप्त गर्नु भएको छ भन्नु अतिशयोक्ति नहोला । काठमाडौंका ख्याति प्राप्त बौद्ध विद्वान व.आ.कनक द्वीपले श्रोतापन्न भिक्षु सुभद्र भनेर एउटा विशेष लेख नै प्रकाशित गर्नु भएको छ । उहाँ ध्यानभावनामा अत्यन्त विश्वास गर्नुहुन्छ । र, अरुलाई पनि ध्यान गर्न प्रेरित गर्नुहुन्छ । ध्यान नगरी ज्ञान प्राप्त गर्न सकिदैन भनेर उहाँले उपदेश दिनुहुन्छ । उहाँको उपदेश र धर्मदेशना ज्यादै सारपूर्ण र प्रभावकारी हुन्छ । उहाँले आफ्नो लामो जीवनका अनुभवका आधारमा गर्ने धर्मदेशना व्यवहारोपयोगी हुन्छ । जुन हाम्रो दैनिक जीवनका लागि ज्यादै उपयोगी र फलदायी सावित हुन्छ ।

उहाँ केही दिनदेखि विरामी हुनुहुन्छ । केही कमजोरी देखिनु भएको छ । निद्रा राम्ररी नलाग्ने भएकोले खानारुची त्यति गर्नु भएको छैन । तैपनि उहाँको बोलीचाली तगडा छ । स्मरण शक्ति राम्रो छ । उहाँले ९७ बर्ष पुरा गरी ९८ वर्षमा पदार्पण गरिरहनु भएको छ । यस उपलक्ष्यमा उहाँको सुख, सुस्वास्थ्य र दीर्घायुको कामना गर्नु हामी सबैको कर्तव्य हो । त्यही कर्तव्य निर्वाहको क्रममा म बयोवृद्ध श्रद्धेय भिक्षु सुभद्रलाई हार्दिक शुभकामना व्यक्त गर्दछु ।

# Buddha, Thr Revolt

➤ Ramesh Shreshta

On the wall, at the path
Buddha met a malnourished child
Does come the milk
From your mother's breast, or not?
The saliva-dropping child is shocked.

A little far,
Buddha met a young woman
In the darkness,
She is living a moon
By the allure of name mother.

Because of draught
Heart cracked as land
Knitting the numberless grieves
Of being a sterile women
Buddha met the barren land

Buddha
Met with the causes of sickness, not the sicks
Not with hunger
But with the causes of hunger
Buddha met
The random chopped
Trees like the stone - hearts.

The Buddha
Carrying the mountain-heart
Planted the peace, enlightenment
Endlessly
Waning the hounds of thoughts
Baby-plants grew slowly
In the country of life
Restored the wood
Caring dried-springs flew singing
In the face of ugly country
Bloomed the rhodendrons of youth

हाम्रो यस धर्मशिला बुद्ध विहारका

**श्रद्धेय भिक्षु शुभद्र**

**९७ वर्ष पुरा गरी ९८ वर्षमा**

**पदारपर्ण हुनु भएकोमा**

**हामी उहाँको**

हार्दिक सुख, शान्ति, आरोग्य र दीर्घायुको

**मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**



**अनागारिका कर्मशिला** **भिक्षु श्रद्धानन्द**

**धर्म चक्षु, बौद्ध मासिक पत्रिका परिवार, पोखरा**

Wondershare PDFelement

Regularly
Sliding country of the life
Buddha uttered, 'no violence'
Like animals
Plants behold tears
Behold soul
Behold death

Sky, land and clean environ
Prosperous Buddha
The aim !
Buddha, the revolt
Buddha, living the time
Time remains subsisting the buddha.

Me, composing the poems of
Buddha's time
Remain waiting lonely
In own eye's yard
Dreamy nights of being Buddha.

"गुणस्तरीय कम्प्युटर शिक्षा नै हाम्रो लक्ष !
हाम्री वनाउँछौं तपाईलाई कम्प्युटरमा दक्ष"

अनुभवी तथा दक्ष प्रशिक्षकहरुद्वारा कम्प्युटर प्रशिक्षण ३ महिने वेसिक कोर्ष, ६ महिने डिप्लोमा र ९ महिने एड्भान्स कोर्ष तथा यही ०५८ साल फाल्गुण १ गतेवाट अंग्रेजी भाषा पढाईने छ ।

हाम्रो अन्य सुविधाहरु STD, ISD, E-mail/Internet, secretarial service, Bus Ticket, National & International Courier Services, Computer Desktop Service, Disigining Service

☎ :- 22625

**ORIGIN COMPUTER INSTITUTE**
Pardi, Birauta - Pokhara
E-mail: origin@fewanet.com.np

आधुनिक किसिमका सुनचाँदीको गहनाका लागि हामीलाई सम्झनुहोस् ।
हामी तपाईहरुको सेवाका लागि सँधै तैयार छौं ।

**बुद्धाचार्य गहना गृह, सुनचाँदी दुकान**
संगमचौक, मोहरियाटोल, पोखरा
फोन :- ०६१-२०७३१, २३९२१ मोबाइल नं.: ९८६०-२०१३१

# बुद्धको उपदेश सुमिरण गरौं

➤ सुवर्ण बज्राचार्य

विश्वमा शान्ति फिजाई राख्न
बुद्धको सन्देश सुमिरण गरौं
असत्य हिंसा निर्मुल गर्न
बुद्धको उपदेश सुमिरण गरौं ।

रिस राग सब द्वेश निखारी
मनमन्दिर सदा स्वच्छ गरौं
अरचना गर्दै मैत्री भावले
मानव हृदय धाउने गरौं ।

पञ्चशीलको पालना गर्दै
मन वचनले सत्कर्म गरौं
असत्य हिंसा निर्मुल गर्दै
बुद्धको उपदेश सुमिरण गरौं

अन्ध वैरको जरा उखाली
शाश्वत ज्ञानको विज रोपौं
सबको मनमा करुणा जगाई
सार्थक जीवन यापन गरौं

अष्टांगिक मार्ग अपनाउँदै
कर्मको पथमा सबल बनौं
असत्य हिंसा निर्मुल गर्दै
बुद्धको उपदेश सुमिरण गरौं।

यस बुद्ध विहारका उपासिका *श्रीमती सेतुली शाक्यको ८४ वर्ष पुगेको उपलक्ष्यमा* हामी उहाँको हार्दिक सुख, सु-स्वास्थ्य र दीर्घायुका लागि
हार्दिक मङ्गलमय शुभकामना
प्रकट गर्दछौं ।

**बौद्ध उपासिका संघ** **दायक सभा**

धर्मशिला बुद्ध विहार, पोखरा

# लुम्बिनीमा नै विश्वविद्यालय वनाउनु उपयुक्त छ

लुम्बिनीमा केहि हप्ता पहिले आयोजना गरिएको लुम्बिनी विकास परिषदको वैठकको उद्घाटनको शिलशिलामा पर्यटन, संस्कृति तथा नागरिक उड्डयन मन्त्री बल वहादुर के.सी.ले र त्यसपछि प्रधान मन्त्री शेरवहादुर देउवा आफैले पनि एक समारोहमा नेपालमा हिन्दू र बौद्ध विश्व विद्यालय स्थापन गर्ने विचार गरिएको कुरा व्यक्त गर्नु भएपछि धार्मिक एवं धर्मप्रति अभिरुचि राख्ने व्यक्तित्वहरु निकै उत्साहित भै ती विश्वविद्यालयहरु कहा कसरी स्थापना होलान् भनी प्रतिक्षा गरिरहेका छन ।

नेपालमा हिन्दू विश्वविद्यालय र बौद्ध विश्व विद्यालय खुलाउने वारे यस अघि पनि एक दुई पटक आधिकारीक व्यक्तिहरुले बचनवद्धता प्रकट गर्नु भएको थियो। तर त्यस सम्बन्धी कामकुराहरु कहाँ के कति पुगे भन्ने वारे भने धेरैलाई थाहा छैन। प्रधान मन्त्री देउवाले समेत त्यो अभिव्यक्ति प्रकट गर्नु भएपछि मानिसहरुमा चासो र जिज्ञासा बढ्दै गएको छ। वास्तवमा ती दुवै विश्वविद्यालय निर्माण गर्न सकियो भने नेपाल धर्मको केन्द्र वन्नेछ र हाम्रो देश र देशवासीको प्रतिष्ठा र गौरव पनि अरु बढ्नेछ।

जहा सम्म बौद्ध विश्वविद्यालयको कुरा छ, लुम्बिनीमा ५ वर्ष पहिले सम्पन्न विश्व बौद्ध शिखर सम्मेलनमा नै त्यो प्रस्ताव पारित गरिएको थियो। त्यसवेला विभिन्न देशका बौद्ध प्रतिनिधिहरुले पनि प्रस्तावित लुम्बिनी विश्व विद्यालयका लागि सहयोग प्रदान गर्न तत्पर भएको आश्वासन दिएको थियो। सन् २००० मा थाइलैण्डको राजधानी वैङ्ककमा सम्पन्न विश्वबौद्ध भातृत्व सघको अधिवेशनमा त्यस सम्बन्धमा व्यापक छलफल गरी एउटा समिति पनि गठन गरिएको छ। त्यस समितिले विश्व विद्यालयका लागि आवश्यक पूर्वाधार तैयार गर्ने काम गरिरहेको छ।

बौद्ध विश्व विद्यालयका लागि लुम्बिनी अत्यन्त उपयुक्त स्थल हो। त्यहाँ धेरै पूर्वाधारहरु पनि तैयार छन्। सम्पर्क र समन्वयको मात्र केही खाँचो छ। अन्यथा विश्व विद्यालयका लागि धेरै कुराहरु त्यहाँ उपलव्ध छन्।

कुनै पनि विश्व विद्यालयका लागि तत्सम्बन्धि पुस्तकहरु सन्दर्भ ग्रन्थहरु नितान्त आवश्यक हुन्छ। आजको जमानामा व्यवस्थित पुस्तकालय विना विश्व विद्यालयको परिकल्पना पनि गर्न सकिदैन। जहाँ सम्म बौद्ध विश्व विद्यालयको प्रश्न छ, त्यसको लागि लुम्बिनी क्षेत्र भित्र नै व्यवस्थित पुस्तकालय स्थापना भैसकेको छ। त्यस पुस्तकालयमा अपेक्षित सख्यामा, अध्ययन कर्ताहरु नआएकोल जेजति सदुपयोग हुन पर्ने हो, त्यति हुन सकिरहेको छैन। बौद्ध विश्व विद्यालय खुलेमा त्यो पुस्तकालयको पनि समुचित रुपले सदुपयोग हुने देखिन्छ। लुम्बिनीमा विश्व विद्यालय खुलेमा ज्ञानको भण्डारको रुपमा रहेको त्यस पुस्तकालयको सम्पर्क र सम्बन्ध पनि बढ्ने, ज्ञानको आदान प्रदान हुने र पुस्तकालयको महत्व पनि अरु बढ्न जाने देखिन्छ।

बौद्ध विश्व विद्यालयका लागि आवश्यक पर्ने अर्को महत्वपूर्ण पक्ष अध्ययन, अनुसन्धान र खोजीका लागि पुरातात्विक सामग्रीहरु हुन्। अध्ययन कर्ता शोध विद्यार्थीहरु तथा प्राध्यापकहरुका लागि ईतिहास, पुरातत्व र पुरातात्विक सामग्रीहरु जुन आवश्यक पर्दछ, त्यसको सब भन्दा ठूलो भण्डार नै लुम्बिनी पुरातात्विक संग्राहलय हो। अन्य देशका कतिपय विद्यार्थी, प्राध्यापकहरु पनि अध्ययन, अनुसन्धान र खोजी गर्न लुम्बिनीमा आउने गर्दछन्। बौद्ध शोधकर्ता विद्यार्थीहरुका लागि लुम्बिनी जति उपयुक्त र महत्वपूर्ण क्षेत्र अन्यत्र कुनै हुनै सक्दैछ।

लुम्बिनी क्षेत्रमा प्राप्त पुरातात्विक अवशेषहरुको लागि मात्र ख्याति प्राप्त स्थल होइन। त्यस क्षेत्र अन्तर्गतका कपिलवस्तु र देवदह दुवै उत्खननको प्रचुर सम्भावना भएको स्थलहरु हुन्। सानो ठाउँमा धेरै पुरातात्विक स्थल भएको कपिलवस्तु विश्वमा नै उत्कृष्ट मानिन्छ। त्यहा भगवान बुद्धले आफ्नो जीवनको २९ वर्ष विताएको राजा शुद्धोदनको राजदरवार छ। त्यस क्षेत्रमा ५७ वटा पुरातात्विक महत्वका ठाउँहरु छन्, जुन उत्खननको पखाईमा रहेका छन्।

# तिम्रो खाँचो छ

– गोपीकृष्ण शर्मा

बुद्ध
शान्तिका अग्रदूत
एशियाका दीप
तिम्रो आज पनि खाँचो छ
अविश्वास र आशङ्को बादल
विश्वभरि मडारिएको छ
आतङ्कवादले संसारलाई
त्राहि त्राहि पारेको छ
शान्तिका लागि
आज पनि तिम्रो खाँचो छ
रगत पोतिएको राजनीति
विष मिसिएको कूटनीति
जीवनमा मृत्युको रजाई चलिरहेको छ
बुद्ध,
आज पनि तिम्रो खाँचो छ
खोई विश्वबन्धुत्वको आदर्श
मानवता निमोठिएको छ
बुद्ध,
आज पनि तिम्रो खाँचो छ।
इन्दिरा, राजीव र प्रेमदास
राजा वीरेन्द्र, ऐश्वर्य र दीपेन्द्र
सार्क देशका राजनीतिज्ञ आतङ्कवादको शिकार बने
घर-घरमा त्रास र भयको वातावरण छ
सार्क देशकै महान् सपूत
बुद्ध, आज पनि तिम्रो खाँचो छ।

****

शिद्धार्थ गौतम बुद्ध भन्दा पहिलेका बुद्धहरु कनक मुनि बुद्ध, ककुछन्द बुद्धका स्थलहरु पनि त्यही छन् । ती दुवै स्थललाई अंकित गर्ने अशोक स्तम्भहरु त्यहाँ विद्यमान छन् ।

देवदहरुमा भगवान बुद्धको अस्थिधातु राखेर निर्माण गरिएको रामग्राम स्तूप छ । जसको पूरा उत्खनन भएको छैन । त्यस्तै कन्यामाई, वैरीमाई, देवदह आदि पुरातात्विक दृष्टिले अत्यन्त महत्वपूर्ण र समृद्ध स्थलहरु त्यहा यत्रतत्र देखिन्छन् । जसको उत्खनन भएको छैन । लुम्बिनीमा बौद्ध विश्व विद्यालय स्थापना भएमा त्यसका विद्यार्थीहरुले बौद्ध, पुरातात्विक उत्खननका लागि अन्यत्र कतै जानै नपर्ने अर्थात किसानले आफ्नै घर आगनमा खेती गरे झै सस्तो र सजिलो गरी गर्न पाउने हुन्छ ।

विश्वविद्यालयलाई आवश्यक पर्ने अर्को महत्वपूर्ण कुरा छात्रावास हो । लुम्बिनी विकास कोष र प्रस्तावित बौद्ध विश्व विद्यालयले किंचित मात्र सम्पर्क र सहयोगको हात बढाएमा अहिले लुम्बिनी क्षेत्रमा निर्माण भैरहेका ती ठूलठूला विहार र गुम्वाहरु अस्थायी समयका लागि छात्रावासको रुपमा प्रयोग गर्न सकिन्छ । दर्जनौ गेष्टहाउस गुम्वा र विहार हरु त्यहा खालि परिरहेका छन् । जुन छात्रावासका लागि ज्यादै उपयुक्त छ ।

बौद्ध विश्व विद्यालयका विद्यार्थीहरु प्राक्टिकल गर्न उत्खननका क्षेत्रहरु उपलव्ध हुने मात्र होइनन्, ध्यान गर्नका लागि त्यहाँ ध्यान् केन्द्रहरु पनि निर्माण भईसकेका छन् । ध्यान गर्नका लागि त्यो ठाउँ ज्यादै उपयुक्त छ । वास्तवमा भन्ने नै हो भने ध्यान गर्नको लागि भगवान बुद्ध जन्मनु भएको लुम्बिनी भन्दा उपयुक्त स्थान अरु कहाँ हुन सक्छ ?

बौद्ध विश्व विद्यालयको लागि अत्यन्त आवश्यक पर्ने र सर्वाधिक महत्वपूर्ण कुरा प्राध्यापक र बौद्ध विद्वानहरु हुन् । जसको अभावमा विश्वविद्यालयको कल्पना पनि गर्न सकिदैन । फेरि बौद्ध शास्त्रको भण्डार यत्ति विशाल र व्यापक छ कि त्यसको अध्ययन अध्यापनको लागि वेग्लावेग्लै प्राध्यापकहरु खोज्नु र पाउनु पनि असाध्यै गाह्रो छ । बुद्धधर्मको थेरवाद, महायान, बज्रयानका आ-आफ्नै सिद्धान्त, शास्त्र र आदर्शहरु छन् । ती सिद्धान्त, शास्त्र र आदर्शहरु पनि देश देशका वेग्ला वेग्लै छन् । बुद्धधर्मका शास्त्रहरु ज्यादै विविधताले भरिएका छन् । त्यसो हुँदा प्राध्यापकहरु पनि त्यस्तै किसिमको आवश्यक पर्दछ । लुम्बिनीमा विश्वविद्यालय भएमा त्यहाँ पढाउनका लागि लुम्बिनीमा विहार गुम्वा वनाएका देश र संस्थासंग त्यस्तै योग्य विद्वान लामा भिक्षुहरु पठाइ दिन आग्रह गर्न सकिन्छ । ती विद्वान, लामा भिक्षुहरु पनि लुम्बिनीमा नै वसेर प्रध्यापन गर्न पाएमा आफूलाई अहोभाग्य सम्झने छन् । उनीहरुका लागि त्यो एक जीवनको अविस्मरणीय समय हुन सक्दछ ।

अव अर्को एउटा समस्या छ, त्यो हो विश्वविद्यालय कहाँ वनाउने भन्ने । लुम्बिनी क्षेत्र भित्र विश्वविद्यालय वनाउने माष्टर प्लानमा प्रावधान छैन । त्यसो हुँदा त्यस भित्र वनाउने कुरा पनि भएन । टाढा वनाउनु पनि आवत जावतको समस्या हुन्छ । त्यसो भएकोले लुम्बिनी क्षेत्र वाहिर सकेसम्म नजिक ठाउँमा विश्वविद्यालयको भवन वनाउनु उपयुक्त देखिन्छ ।

यी सवै कारणहरुले गर्दा बौद्ध विश्व विद्यालय लुम्बिनीमा नै निर्माण गरिनु उपयुक्त हुन्छ ।


मैत्री संघका पूर्व अध्यक्ष श्री विश्वरत्न शाक्यका पूजनीय माता
श्रीमती सेतुली शाक्य ८४ वर्ष पुग्नु भएको
उपलक्ष्यमा हामी उहाँको हार्दिक
सुख, शान्ति, आरोग्य र चिरायुको लागि
शुभकामना व्यक्त गर्दछौं ।
मैत्री संघ परिवार, पोखरा

# अस्थायी प्रवज्या कार्य सम्पन्न

पोखरा/भिक्षु श्रद्धानन्दको उपाध्यायत्वमा धर्मशीला बुद्ध विहारमा यही फाल्गुण २ गते १४ वर्षीय दीपक तुलाधरलाई अस्थायी प्रवज्या गराउने कार्य सम्पन्न भयो। बौद्ध उपासक उपासिकाहरु आफ्ना छोरालाई चुडाकर्म व्रतवन्धको साटो अस्थायी प्रवज्या गराउने गर्दछन्। अस्थायी प्रवज्या प्रदान गरी श्रामणेर बनाए पछि चुडाकर्म व्रतवन्ध गराउनु नपर्ने धार्मिक सामाजिक मान्यता रहि आएको छ।

अस्थायी प्रवज्या गराउने विधि व्यवहार छिटो र सरल भएकोले त्यसतिर मानिसहरु आकर्षित हुँदैछन्। बुद्ध धर्ममा सिद्धान्तत जात जातिको कुनै भेदभाव नहुने भएकाले कुनै पनि जातका मानिसले अस्थायी श्रामणेर गराउने विधि अपनाएर लाभान्वित हुन सक्दछन्। विहारमा यस्तो अस्थायी प्रवज्या गराउने चलन बढ्दै गएको छ।

वीरगञ्ज निवासी तेजरत्न तुलाधर र शोभा तुलाधरले वोझिलो कर्मकाण्डमा लाग्नु भन्दा अस्थायी प्रवज्याको विधि छिटो छरितो सरल र मितव्ययी भएकाले आफ्ना छोरा दीपक तुलाधरलाई ल्याएको वताउनु भयो।

भिक्षु श्रद्धानन्दले उपासक दीपकलाई श्रामणेरले पालना गर्नु पर्ने दशशील प्रदान गरी श्रामणेर बनाए पछि उहाँको नाम श्रामणेर दीपङ्कर राखिदिनु भएको थियो।

श्रामणेर दीपङ्करलाई उहाँका नातेदारहरुले विहारमा भिक्षादान दिई भोजन गराउनु भएको थियो।

श्रामणेर दीपङ्कले तत्पश्चात बुद्धधर्मका किताबहरु अध्ययन गर्ने र धर्मदेशना श्रवण गर्ने गर्नु भएको थियो। वेलुकी पञ्चशील ग्रहण गरी उहाँ साधारण उपासक भै घर फर्कनु भयो।

त्यस्तै काठमाडौं निवासी रीता शाक्यका छोराहरु १० वर्षीय रितेश र ७ वर्षीय राहुल शाक्यलाई पनि फाल्गुण ९ गते भिक्षु श्रद्धानन्दले अस्थायी प्रवज्या दिई श्रामणेर वनाउनु भयो। श्रामणेर भएपछि उहाँहरुको नाम क्रमश बोधानन्द र राहुलकुमार राखिएको थियो।

# भिक्षु सुभद्र ९८ वर्षमा पदार्पण

पोखरा/भिक्षु सुभद्र महास्थविर गत माघ २९ गते ९७ वर्ष पुरा गरी ९८ वर्षमा पदार्पण गर्नु भएको अवसरमा उहाँका सुपुत्रहरु तोयनाथ, विश्वेश्वर, मातृका र टीकाराम लसालले पोखरा उपमहानगर पालिका - ५ स्थित मातृका लसालको घरमा भिक्षु महासंघलाई अष्ट परिष्कार दान दिनुका साथ विविध कार्यक्रम गरी शुभ जन्मोत्सव समारोहको आयोजना गर्नु भएको थियो।

शुभ जन्मोत्सवको उपलक्ष्यमा धर्मशीला बुद्ध विहार स्थित ज्ञानमाला संघको तर्फबाट विहान ज्ञानमाला भजन गरिएको थियो। ज्ञानमाला भजनको शुभारम्भ गर्दै संघका अध्यक्ष गायक तथा संगीतकार सुवर्ण वज्राचार्यले भिक्षु सुभद्रको सुख, सु-स्वास्थ्य र चिरायुको मंगलमय कामना गर्नुभयो।

ज्ञानमाला भजन पछि शुरु भएको औपचारिक समारोहमा भिक्षु श्रद्धानन्दले उपासक उपासिकाहरुलाई पञ्चशील प्रदामन गरी भिक्षु सुभद्रप्रति हार्दिक शुभकामना व्यक्त गर्नुभयो।

काठमाडौंबाट आउनु भएका भिक्षु कोडण्यले प्रवचन गर्दै हिन्दू धर्म मान्ने ब्राह्मण कुलमा जन्मनु भएका भिक्षु सुभद्रले आफ्नो पहिलेको धर्मको चार आश्रम पार गरेर सफल हुनुभए झैं बुद्धधर्ममा पनि उहाँ उत्तिकै सफल व्यक्तित्वको रुपमा परिचित हुनुहुन्छ भन्नु भयो । त्याग र समर्पण भावनाबाट ओतप्रोत भएको उहाँबाट धेरैकुरा सिक्न सक्ने बताउदै उहाँले धेरैवर्ष पहिले उहाँको संगतमा रहदा आफूले धेरै कुरा सिक्न पाएको उल्लेख गर्नुभयो । उहाँको एकचित्त भावना, लोभ, मोह र क्रोधलाई समन गर्नु भएकाले काठमाडौंका ख्याति प्राप्त लेखकले उहाँलाई श्रोतापन्न भिक्षुको रुपमा वर्णन गर्नु भएको कुरा पनि उहाँले उल्लेख गर्नुभयो ।

समारोहमा शुभकामना मन्तव्य व्यक्त गर्ने क्रममा पोखरा उपमहानगर पालिकाका पूर्व नगर प्रमुख भोला थापाले भिक्षु सुभद्र एक जना राजनैतिक कार्यकर्ता, समाजसेवी र शिक्षा प्रेमीको रुपमा पनि सुपरिचित भएको बताउनु भयो । उहाँले वयोबृद्ध भिक्षुले बुद्धधर्ममा लागेर जुन सुकीर्ति फैलाउनु भएको छ, त्यो सबैका लागि उदाहरणीय भएको छ भन्नु भयो ।

बुद्धिजीवीहरुका तर्फबाट शुभ कामना व्यक्त गर्दै पृथ्वीनारायण क्याम्पसका उप-प्राध्यापक डा. गेहेन्द्रमान पोखरेलीले भिक्षु सुभद्र एकजना उत्कृष्ट आध्यात्मिक व्यक्तित्व भएको चर्चा गर्नुभयो ।

सामाजिक संघ संस्थाहरुका तर्फबाट पोखरा नगर विकास समितिका अध्यक्ष अशोक पालिखेले भिक्षु सुभद्रले आफ्नो दीर्घ जीवनमा जीवनका धेरै क्षेत्रमा गहन योगदान दिनु भएको उल्लेख गर्नु भयो ।

धर्मशीला बुद्ध विहार दायक सभाका अध्यक्ष तिलकमान गुभाजूले धन्यवाद ज्ञापन गर्दै बौद्ध साधकहरुले प्राप्त गर्ने महत्वपूर्ण चारतह मध्ये कुनै न कुनै तहमा भिक्षु सुभद्र पुग्नु भएको उहाँको आचरण, विचार र व्यवहार बाट परिलक्षित भएको विचार व्यक्त गर्नुभयो । समारोहमा भिक्षु र अनागारिका कर्मशीलाको उपस्थिति थियो ।

समारोहमा छोरेपाटन गुम्बाका लोप्साङ र पृथ्वीचोक गुम्बाका तेञ्जिङ लुवाङका अतिरिक्त धेरै संख्यामा उपासक उपासिकाहरु तथा भक्तजनहरुको उपस्थिति थियो ।

समारोहको अन्तमा वयोबृद्ध भिक्षुका सुपुत्रहरुले उपस्थित सबैलाई भोजनदान दिनु भएको थियो ।

समारोह सकिए पछि दिउसो पनि पोखराका बुद्धिजीवी, वकिल, समाजसेवी, पत्रकारहरु उहाँलाई शुभकामना दिन तथा उहाँको आशीर्वाद थाप्न त्यहाँ जानु भएको थियो ।

## धर्मशिला विद्वत वृत्तिमा सहयोग

पोखरा/अनागारिका कर्मशिलाद्वारा आफ्ना अग्रज अनागारिका धर्मशिलाको पुण्य स्मृतिमा स्थापित "धर्मशिला विद्वत वृत्ति"मा अरु सहयोग थप भएको थाहा हुन आएको छ । बौद्ध अर्घौ सदनका पूर्व अध्यक्ष विल वहादुर गुरुङले रु. १,००५/- र क्या. श्रीमती मीना कुमारी गुरुङले रु. १,००१/- प्रदान गर्नु भएको छ ।

सो विद्वत वृत्ति बुद्धधर्मको गहन अध्ययन, अनुसन्धान र खोजी गर्ने विद्वानलाई प्रदान गरिने र विद्वत वृत्ति प्राप्त व्यक्तिले वर्षको निश्चित पटक प्रवचन वा धर्मदेशना गर्नुपर्ने प्रावधान राखिएको समाचार श्रोताले जनाएको छ । सो व्यवस्था भएपछि पोखरामा बौद्ध प्रवचन तथा धर्मदेशना गर्नेको अभाव नहुने विश्वास गरिएको छ ।

# संदीप कार्कीद्वारा दीक्षा ग्रहण

काठमाडौं/विराटनगर निवासी ३० वर्षीय संदीप कार्कीले भिक्षु अश्वघोष महास्थविरको उपाधायत्वमा दीक्षा ग्रहण गरी श्रामणेर हुनु भएको छ। दीक्षा ग्रहण पछि उहाँ श्रामणेर ध्यानरत्न हुनु भएको छ।

होटल व्यवस्थापनमा स्वीटजरलैण्डमा गएर डिप्लोमा गर्नु भएका ध्यानरत्नले बौद्ध शिक्षा र ध्यानभावनावाट आफू प्रभावित भै श्रामणेर भएको जनाउनु भएको छ।

# न्यूनी व्रत पश्चात वाङ प्रदान

पोखरा/ यहाँको बौद्ध अर्घौ सदनमा १५ दिने न्यूनी व्रत बसिरहेका भक्तजनहरुलाई रिम्पोछे लामावाट वाङ (अभिषेक) प्रदान गरी सम्पन्न भएको छ। पृथ्वीचोक स्थित स्याङ गोन छोयखोर लिङ गुम्वाका लामा छेदिङ रिम्पोछेले उपस्थित भक्तजनहरुलाई वाङ प्रदान गर्नु भएको थियो। वाङ थाप्नेहरु ४ हजार भन्दा बढी भएको समाचार श्रोते जनाएको छ।

महायानी बौद्ध धर्मावलम्वीहरुले हरेक वर्ष माघे औंसी देखि पूर्णिमा सम्म कडा उपवार र पूजापाठ गरी न्यूनी व्रत वस्ने परम्परा छ। न्यूनी व्रतमा एकदिन विराएर एक छाक खाने र छाक छोडी व्रत वसेको दिन कसैसग नवोल्ने र पानी सम्म नखाई भगवान बुद्धको पूजा अर्चना गर्ने गर्दछन्।

व्रतको समापनमा काठमाण्डौंबाट पाल्नु भएका लामा थेम्पो थुप्तेनले न्यूनी व्रतको महत्वको चर्चा गर्दै यो व्रत प्राणीहरुको कल्याणको लागि गरिने कुरा वताउनु भयो।

बौद्ध अर्घौ सदनका अध्यक्ष क. उमरध्वज गुरुङले व्रतमा सहभागी सबैलाई धन्यवाद दिनु भयो। समारोहमा परम्परागत रुपमा छो पूजा पनि गरिएको थियो।

# नेवा खलको नेवा छें

पोखरा/ नेवा खल पोखराको नेवा छे यहाँको भीमसेन टोलमा निर्माण गरिने भएको छ। भीमसेन गुठीको जग्गामा निर्माण गरिने त्यस भवनको शिलान्यास फागुन १३ गते जनसख्या तथा वातावरण मन्त्री प्रेमलाल (पी.एल.) सिंहले गर्नु भयो। त्यस अवसरमा नेवा छे दवुका अध्यक्ष लक्ष्मण राजवंशी र दे दवुका विशेष सल्लाहकार लोकदर्शन वज्राचार्यको पनि उपस्थिति थियो।

करीव २ करोडको लागतमा निर्माण हुने त्यस भवनमा नेवारहरुको परम्परा र संस्कृति झल्कने सांस्कृतिक संग्रहालय, पुस्तकालय, ४५० जना जति मानिस अटाउने एउटा हल र वैठक कोठाहरु हुनेछन्।

भवन निर्माणका लागि करिव रु. २० लाख उठि सकेको जनाइएको छ।

Wondershare PDFelement

का.जि.दर्ता नं :- ३३ ०५३/०५४
हुलाक दर्ता नं :- ०१ ०५८/०५९

यस भवनको निर्माणले नेवारहरुको एकता अभिवृद्धि हुने र मौलिक संस्कृतिको जेगेर्ना हुने विश्वास गरिएको छ। निर्माणको लागि काठमाण्डौंबाट पनि यथोचित सहयोग उपलब्ध हुने आश्वासन प्राप्त भएको छ।

## मगर दिवस सम्पन्न

पोखरा/मगर सम्पर्क समिति प्रारम्भिक कमिटी निर्मलपोखरीको आयोजनामा फाल्गुण १५ गते धुसेनीमा विभिन्न कार्यक्रमहरु राखी मगर दिवस मनाइयो। कार्यक्रममा मगर भेषभुषा, सस्कृतिक कार्यक्रम र वालचित्र कलाको आयोजना गरिएको थियो।

प्रतियोगितामा विजयी भएकाहरुलाई मगर सम्पर्क समिति कास्कीका सदस्य नर वहादुर रानामगरले प्रमुख अतिथिको आसनबाट मगर एकताको भावना सचार गर्दै धर्म, संस्कृतिको जगेर्ना गर्नुपर्ने वताउनु भयो।

समितिका उपाध्यक्ष याम वहादुर थापाको सभापतित्वमा भएको समारोहमा हरि वहादुर थापा, जगत वहादुर आले, चन्द्र वहादुर थापा लगायतका वक्ताहरुले मगर जागरण वारे बोल्नु भएको थियो।

प्रतियोगीहरुलाई वितरण गरिएको पुस्कार मनाङ माध्यमिक विद्यालयका शिक्षक कृष्ण रानामगरबाट प्राप्त भएको समाचारमा जनाइएको छ।

**विवाह, व्रतवन्ध, सभा, सम्मेलन** आदिका लागि
उपयुक्त स्थान, प्रकृतिको काखमा शान्त, मनोरम स्थानमा अवस्थित
**ताम्वे समाज सेवा संघको भवन** सवैका लागि खुल्ला छ।
(विजुली, पानी, टेलिफोनको साथै पकाउने भाँडाकुँडाहरु पनि सबैको राम्रो व्यवस्था छ)

**ताम्वे समाज सेवा संघ**
पर्स्याङ, पोखरा

**सम्पर्क** ☎ : २८००९, २२०४९

श्रद्धेय भिक्षु सुभद्र ९७ वर्ष पूरा गरी ९८ वर्षमा पदार्पण हुनु भएको उपलक्ष्यमा **धर्मशिला बुद्ध विहार परिवार**
उहाँको सुख, शान्ति, आरोग्य र
दीर्घायुका लागि हार्दिक शुभकामना चढाउँछौं।